अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# मेरो नेपाली

## तह–१ (संश्लेषित)

### सिकाइ सामग्री



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# मेरो नेपाली

## तह - १ (संश्लेषित)

## सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : एक, संश्लेषित

प्रथम संस्करण : वि.सं. २०७९

# हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल हो । सिकारुमा  अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर सिक्न चाहने सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुऱ्याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक शिक्षातर्फ पहिलो तहका सिकारुका लागि विकास गरिएको हो र परीक्षण गरी परीक्षणबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरी सबैका लागि सहज बनाइने छ । यसको विकासमा युनिसेफ नेपाल, केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । मेरो नेपाली विषयको यस सिकाइ सामग्रीको विकास डा. गणेशप्रसाद भट्टराईले गर्नुभएको हो । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री चूडामणि पौडेल, उपमहानिर्देशक श्री श्रीप्रसाद भट्टराई, निर्देशक श्री निलकण्ठ ढकाल, शाखा अधिकृत श्री वैकुण्ठ आचार्य र श्री विमला मिश्रको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएको भएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुऱ्याउने सहयोगी साधन हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०७९ शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची



| एकाइ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ १ | म र मेरो परिवार | १ |
| एकाइ २ | मेरो दैनिक जीवन | २३ |
| एकाइ ३ | हाम्रो समुदाय | ४१ |
| एकाइ ४ | हाम्रो विद्यालय | ५६ |
| एकाइ ५ | हाम्रो वातावरण | ७१ |
| एकाइ ६ | मेरो सिर्जना | ८७ |
| एकाइ ७ | रुचि र बानी | १०३ |
| एकाइ ८ | हाम्रो संस्कृति | ११९ |
| एकाइ ९ | सञ्चार प्रविधि र बजार | १३२ |
| एकाइ १० | हाम्रा क्रियाकलाप | १४६ |
| एकाइ ११ | हाम्रो वरपरको संसार | १५८ |

एकाइ १

# म र मेरो परिवार

१. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

## मेरो परिवार



बाबाआमा हुनुहुन्छ अनि काकाकाकी
दाजु र म भाइबहिनी खेल्छौँ पाठापाठी
ठुला मान्छे चार जना साना पनि चार
रमाएर बस्छौँ हामी सुखी परिवार

हजुरबा हुनुहुन्थ्यो हजुरआमा पनि
मलाई मक्ख पार्नुहुन्थ्यो राम्रा कथा भनी
आमाबाबा काकाकाकी गर्नुहुन्छ काम
हामीले नि पढीलेखी राख्नुपर्छ नाम

परिवारमा सबै मिली गर्नुपर्छ काम
परिश्रम गरे मिल्छ नाना छाना माम
आफ्नो काम आफैँ गरौँ नमानेर हार
अरूभन्दा राम्रो हुन्छ हाम्रो परिवार

पढ्न लेख्न साक्षर बन्न हातेमालो गरौँ
खेतबारी पाखाबारी अन्न बिउ छरौँ
वनेलीमा देखिने छ इन्द्रेनीको हार
जुनेलीको चन्द्रजस्तै हाम्रो परिवार

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

### १. मेरो परिवार कविता सुनेर गाउनुहोस् ।

### २. तलका शब्द उच्चारण गर्नुहोस् :

(क) मक्ख परिश्रम हातेमालो पाखाबारी इन्द्रेनी चन्द्र

(ख) कोट-कोत, तप-टप, धक-ढक, धोका-ढोका, साथी-साठी

### ३. उत्तर भन्नुहोस् :


(क) तपाईंका परिवारमा को को हुनुहुन्छ ?

(ख) बा र आमाका बाआमालाई के के भन्नुपर्छ ?

(ग) तपाईंका काका र काकीलाई तपाईंका बाले कुन नाताले बोलाउनुहुन्छ ?

(घ) तपाईँकी आमाका दाजुभाइलाई तपाईँ के भनेर बोलाउनुहुन्छ ?

### ४. तलमा अक्षर जोडी शब्द बनाएर भन्नुहोस् :



## ५. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

मेरो परिवारमा चार जना छौँ । बा सिकर्मी हुनुहुन्छ । उहाँ आफ्नै गाउँमा काम गर्नुहुन्छ । आमा परिचर हुनुहुन्छ । उहाँ सधैँ अस्पताल जानुहुन्छ । हामी पनि बाआलाई काम सघाउँछौँ । हामीले सानामा पढ्न पाएनौ । अहिले पढ्न लेख्न सिक्दै छौँ । काम गरेर फुर्सदका समयमा पढ्न आनन्द लाग्छ । मलाई पढेर समाजसेवा गर्न मन छ । फुपूले पनि मलाई धेरै कुरा सिकाउनुहुन्छ । म काकासँग कम्प्युटर पनि सिक्दै छु ।

(क) म पात्रले किन पढ्न नपाएको होला ?

(ख) मानिसले किन पढ्नुपर्छ होला ?

(ग) यस परिवारमा को को के के गर्छन् ?

(घ) तपाईंको परिवारमा को को के के गर्नुहुन्छ ?

## ६. सस्वर पढ्नुहोस् :

आमाकी बहिनी सानिमा आमाका दाजु मामा

फूपूको प्यारो भदा म दिदीका छोरा भान्जा

आमाकी आमा हजुरमा बाबाका बाबा हजुरबा

को होला भन सोल्टनी, को होला हाम्रो बाहुन बा ?

## ७. तलका शब्द पढेर एक एक वाक्य बनाउनुहोस् :

फुपाजु, ज्वाइँ, भान्दाइ, जेठानी, सासु, जेठान, बुहारी, नातिनी

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध

### १. तलका चित्रको नाम र त्यसको रङ भन्नुहोस् :










### २. तलको संवाद सुनेर सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

मुना : मदन, तिम्रो परिवारमा को को हुनुहुन्छ ?

मदन : बा, आमा र म ।

मुना : तीन जना मात्र ? कति सानो परिवार ?

मदन : हो त । अनि तिम्रो परिवारमा चाहिँ को को हुनुहुन्छ नि ?

मुना : हाम्रो परिवारमा त आमा, बा, हजुरआमा, हजुरबा, काका, काकी, म, दिदी, बहिनी, काकाको छोरा, फुपू छौँ ।

मदन : यति धेरै मानिस एउटै परिवारमा बस्ने हो ? खाना खान गारो हुँदैन ?

मुना : हो त । केको गारो हुनु नि । सबै मिलेर काम गर्दा त झन् रमाइलो हुन्छ ।

मदन : हो है । हजुरबा हजुरआमाले त कथा पनि सुनाउनुहुन्छ होला ।

मुना : हाम्रो घरमा सबैले काम गर्ने चलन छ । म पनि घरआँगन बढार्ने काम गर्छु । बाआमा, काकाकाकी खेतमा काम गर्नुहुन्छ ।

मदन : ल हाम्रो भन्दा रमाइलो पो रहेछ तिम्रो परिवार त । तर हाम्रो सानो परिवार पनि कम रमाइलो छैन है ? सानो भए पनि ठुलो भए पनि परिवारलाई राम्रो बनाउने त आफैँले हो नि ।

## प्रश्न

(क) कसको परिवार सानो र कसको परिवार ठुलो रहेछ ?

(ख) सानो परिवारको फाइदा के के होलान् ?

(ग) ठुलो परिवारका फाइदा के के होलान् ?

(घ) तपाईँलाई चाहिँ कस्तो परिवार मन पर्छ ? किन ?


३. तलको चित्र हेरेर ती को को होलान् र के के काम गर्दै छन्, भन्नुहोस् :






४. जोडा मिलाउनुहोस् :

गोलो



ठाडो



छड्के



अर्धचन्द्राकार





तेर्सो

## ५. चित्र हेर्नुहोस्, घटना पढ्नुहोस् र उत्तर भन्नहोस् :





एक रात चमेलीका बाख्राका खोरमा चितुवा पसेछ । उनका चारओटा खसी खोरमै थिए । चितुवा तिनलाई पक्रन झम्टन थाल्यो । खसी कराए। चमेली आत्तिएर उठिन् । लौ आज छोराले खोरको ढोका नै लाएनछ । चितुवाले खसी खाने भो भन्दै उनी खोरमा पुगिन् । खोरमा बाँसको टाँढ छापेर जुत्तो तल झर्ने बनाइएको थियो । उनलाई त्यो थाहा थियो । चमेलीले हत्तपत्त खोरको ढोका लगाइन् । उनले अर्कातिरबाट छापिएका दुईतीनओटा बाँस तानेर निकालिन् । चितुवाले झम्टँदा खसी आत्तिएर बाँस झिकेका ठाउँबाट तल झरे । चितुवा भने सानो ठाउँबाट छिर्न सकेन । चितुवा खोरमा थुनियो । दुइटा खसीलाई चोट लागेछ, अरूलाई केही भएन । भोलिपल्ट उनले वन कार्यालयलाई खबर गरिन् । वन कार्यालयका कर्मचारी आएर थुनिएको चितुवा पक्रेर लगे ।

### प्रश्न

(क) चमेलीको बुद्धि तपाईंलाई कस्तो लाग्यो ?

(ख) तपाईं भएको भए यस घटनामा के गर्नुहुन्थ्यो ?

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध

### १. कथा पढ्नुहोस् :

उर्मिलाको छोरो खानेकुरा खाने बेलामा सधैँ झगडा गर्छ । कहिले के खान्न भन्छ, कहिले के खान्छु भन्छ । उसले भनेकै पकाइदियो, खान बसेपछि कति नमिठो भनेर फालिदिन्छ । छोराको यो बानी सुधार्न नसकेर उर्मिला हैरान भइसकिन् । उनलाई चाहिँ खाना फालेको मन पर्दैन ।

आज उर्मिलाले खिर पकाइन् र छोरालाई दिइन् । यसले खिरलाई पनि दोष लायो र आधा जति खाएर अरू फाल्यो । ऊ आमासँग रिसाएर सुत्यो । राती एक बजेतिर उसका अगाडि एउटा भयङ्कर राक्षस आयो । त्यसले छोरालाई च्याप्प समायो र भन्न थाल्यो, “आज भने मेरो भोक मजाले मर्ने भयो । मैले खानेकुरा फाल्ने मान्छे खान नपाएको धेरै भयो । खाना फाल्नेलाई खाना खाने अधिकार छैन । तैँ होइनस् खिर फाल्ने ? ”

“नाइँ, मलाई नखाऊ । आमा यसले मलाई खान लाग्यो । बचाउनुहोस् न । म अब कहिल्यै खाना फाल्दिनँ ।” छोरो बरबराउन थाल्यो । ऊ पसिनै पसिना भएको थियो ।

“हैन के भयो यसलाई । जरो आयो कि नराम्रो सपना देख्यो ?” आमाले थुमथुम्याएर सुताउनुभयो ।

भोलिपल्टदेखि छोराले खाना फाल्न छाड्यो ।

## प्रश्न

(क) भोजभतेरमा, घरमा, होटलमा मानिसहरू धेरै खाना फाल्छन् । के यो राम्रो हो ? तपाईँको विचार राख्नुहोस् ।

(ख) उर्मिलाको छोराले किन त्यस्तो सपना देखेको होला ?

(ग) राक्षसले उर्मिलाको छोरालाई के के गऱ्यो त ? राक्षसले नै गरेको हो ?

(घ) खाना फाल्ने मानिसलाई तपाईँ कसरी सुधार्न सक्नुहुन्छ ?

### २. शब्दको अर्थ भन्नुहोस् :

झगडा, हैरान, दोष, राक्षस, बरबराउनु

### ३. छिटोछिटो पढ्नुहोस् :

पर्सि रोप्नुपर्ने कोदाको बिउ र बारीमा फलेको फर्सी जर्सी गाईले खाएछ । यो देख्नासाथ काँक्रा टिप्न लागेकी कर्किनी भाउजू फरक्क फर्की कर्किन थालिछन् । ए गाई, तैँले कसलाई सोधेर फर्सी खाइस् ? कि तँ फनक्क फर्की नत्र मेरो बाटाबाट तर्की । हैन भने मेरो चुटाइ भेट्ने भइस् । यो सुन्नासाथ मुखभरि कोदाको बिउ बोकेर जर्सी गाई तर्सी तर्सी खोलाको दहतिर लागेछ ।

## लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. उदाहरण हेरेर शब्द बनाउनुहोस् :

उदाहरण : चालम = चामल

सनटपा ..................................

कैमरीबा ..................................

बनीहि ..................................

नक्कफ ..................................

बाहरजु ..................................

### २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जामा : ..................................

सुरुवाल : ..................................

कसौँडी : ..................................

फुपाजू : ..................................

बेहुली : ..................................

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| दह | इन्द्रधनुष |
| खोर | टहटह जून लागेको |
| खबर | काठको काम गर्ने मानिस |
| इन्द्रेनी | धेरै पानी जमेको पोखरी |
| जुनेली | जीवजन्तु पाल्न वा थुन्न बनाइएको सानो कोठो |
| सिकर्मी | रोगीको सेवा गर्ने मानिस |
| परिचर | जानकारी |

## ४. हिजो बिहानदेखि बेलुकासम्म तपाईंले के के गर्नुभयो ? मिलाएर लेख्नुहोस् ।



## ५. तलको खाली ठाउँमा आफ्नो परिचय लेख्नुहोस् :

आफ्नो नाम :..........................................................

आफ्नो उमेर :..........................................................

हजुरबाको नाम : ..........................................................

हजुरआमाको नाम : ..........................................................

बाको नाम :..........................................................

आमाको नाम :..........................................................

आफ्नो ठेगाना : ..........................................................

आमाको फोन नं :..........................................................

बाको फोन नं : ..........................................................

आफ्नो (छ भने) फोन नं : ..........................................................

## ६. बढाएर लेख्नुहोस् :

(क) परिवारमा सबै मिली गर्नुपर्छ काम

परिश्रम गरे मिल्छ नाना छाना माम

(ख) मलाई पढेर समाजसेवा गर्न मन छ ।

## शब्दभण्डार

### १. पढ्नुहोस् र जोडा मिलाउनुहोस् :

आज बिहान एउटा बाँदर मानिस नभएको घरमा पस्यो । उसले दुध तताउने कुँडे देख्यो । कित्ली, तामाको गाग्री र अम्खोरा देख्यो । हलो, जुवा, कुटो र कोदालो पनि देख्यो । उसले ठेकीमा दही देख्यो र त्यही खाएर बाहिर निस्कियो ।

| | |
|---|---|
| कुँडे | खोतबारीमा जोत्न बनाइएको काठको सामग्री |
| कित्ली | गोडमेल गर्ने औजार |
| जुवा | खन्ने औजार |
| कुटो | पानी उमाल्ने भाँडो |
| कोदालो | दही राख्ने भाँडो |
| ठेकी | दुध तताउने भाँडो |

### २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गाग्री : ..............................................................

अम्खोरा : ..............................................................

हलो : ..............................................................

### ३. उही अर्थ दिने शब्दको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आमा | वृक्ष |
| रुख | पत्र |
| पात | माता |
| हावा | पिता |
| पानी | वायु |
| बा | जल |

### ४. उल्टो अर्थ दिने शब्दको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तल | बाहिर |
| भित्र | पर |
| माथि | होचो |
| अग्लो | तल |
| वर | माथि |

## ५. शब्द र चित्रको जोडा मिलाउनुहोस् :

गाग्री



अम्खोरा



ठेकी




हलो



चुलो



ढिकी



## ६. सबैभन्दा कान्छोबाट सबैभन्दा जेठोको क्रम मिलाएर लेख्नुहोस् :

हजुरबा, छोरी, बहिनी, म, ठुल्दाइ, काका, आमा,

## क्रियाकलाप : **कार्यमूलक व्याकरण**

### १. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) पोहोर म मामाघर ...........(गयो, गएँ, गयौ )

(ख) भाइ विद्यालय ...........(जान्छे, जानुहुन्छ, जान्छ)

(ग) म अर्को साल पोखरा .......(जाने छु, गएको थिएँ, गएछ)

(घ) काका बिहानै खेतमा .... (गयो, जान्छ, जानुभयो )

(ङ) तिमी कहिले .....? (आइस्, आउँछ, आयौ)

### २. आफैँले सोचेर खाली ठाउँ भर्नुहोस् :

(क) म त ........

(ख) यसपालि बारीमा मकै ......

(ग) उनीहरू सिनेमा हेर्न ..............

(घ) मेरा मामा इन्जिनियर.........

(ङ) तपाईँको नाम के ......

### ३. तलका वाक्य मिलाएर लेख्नुहोस् :

भाइ उठी । म त उठेन । आमा पनि कता गयो कुन्नि ? आज बाबुले गाली गर्ने भो । अब म त उठेर काम गर्न जान्छ ।

## ४. वाक्यको अन्त्यमा उपयुक्त चिह्न राखी लेख्नुहोस् :

(क) रमेश, तिमी र म प्रथम भयौँ ...

(ख) तिमी कति वर्षका भयौ...

(ग) आहा, कति राम्रो फूल ...

(घ) म फूल रोप्छु...

## ५. तलका कोठाका शब्दबाट वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| म<br>हामी | खाना<br>दाउरा<br>धान | काट्छु<br>खान्छौँ<br>रोप्छौँ<br>खान्छु<br>रोप्छु<br>काट्छौँ | । |

## ६. भाले जाति र पोथी जाति बुझाउने शब्द छुट्याउनुहोस् :

गाई, मामा, केटो, भैँसी, पाठी, घोडा, साँढे, पोथी, छाउरी, चरो, बुहारी

| भाले जाति बुझाउने | पोथी जाति बुझाउने |
|---|---|
| | |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. खाली ठाउँ भरेर कविता बनाउनुहोस् :

मैदान, व्याकुल, सुकसुकाउँछ, शीत, नदी, खोल्सा,

पहाड, ................., जङ्गल छिचोल्दै
................. नदी, अविरल बगिरहन्छ
न घाम, न त .................
पीडा त छ नि त्यो ................. मा पनि
फरक मात्र यति
त्यो ................. बुँद बुँद जम्मा गर्दै
म ................. बुँद बुँद झार्दै (सुरज राजथला)

२. चित्र हेरेर एक अनुच्छेद लेख्नुहोस् :



३. तपाईँले जानेको एउटा कथा लेख्नुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस्

### १. पढेर सुनाउनुहोस् :

परिवारमा सबै मिली गर्नुपर्छ काम
परिश्रम गरे मिल्छ नाना छाना माम
आफ्नो काम आफैँ गरौँ नमानेर हार
अरूभन्दा राम्रो हुन्छ हाम्रो परिवार

### २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

परिवार, हार, वनेली, सिकर्मी, गारो

### ३. जस्ताको तस्तै सार्नुहोस् :

आज बिहान एउटा बाँदर मानिस नभएको घरमा पस्यो । उसले दुध तताउने कुँडे देख्यो । कित्ली, तामाको गाग्री र अम्खोरा देख्यो । हलो, जुवा, कुटो र कोदालो पनि देख्यो । उसले ठेकीमा दही देख्यो र त्यही खाएर बाहिर निस्कियो ।

### ४. पढेर उत्तर लेख्नुहोस् :

पढ्न लेख्न साक्षर बन्न हातेमालो गरौँ
खेतबारी पाखाबारी अन्न बिउ छरौँ
वनेलीमा देखिने छ इन्द्रेनीको हार
जुनेलीको चन्द्रजस्तै हाम्रो परिवार

### प्रश्न

(क) किन हातेमालो गर्नुपर्छ ?

..........................................................................................

(ख) बिउ कहाँ छर्नुपर्छ ?

..........................................................................................

(ग) वनेलीमा के देखिन्छ ?

..........................................................................................

## ५. बढाएर लेख्नुहोस् :

खाना फाल्नेलाई खाना खाने अधिकार छैन ।

## ६ उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :

पानी ..........................................................................................

दानव ..........................................................................................

युद्ध ..........................................................................................

आँखा ..........................................................................................

काम ..........................................................................................

## ७. खाली ठाउँमा मिल्ने चिह्न राख्नुहोस् :

(क) तँ कहिले आइस् .....

(ख) तिमी... आशा र हरिमान बाहिर जाओ ।

(ग) म पहिलो तहमा पढ्छु ...

## ८. भाले जनाउने शब्द लेख्नुहोस् :

(क) गाई ............................

(ख) काकी ............................

(ग) केटी ............................

(घ) भैँसी ............................

(ङ) बुहारी ............................

एकाइ २

# मेरो दैनिक जीवन

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### हाम्रा दिन

हामी गाउँमा बस्छौँ । गाउँमा बिहानैदेखि काम गर्नुपर्छ । बिहान उठेर घरआँगन बढार्नु र गाईबस्तुलाई खोले र घाँस दिनु हाम्रो दिनचर्या हो । हामी चिया खाएर आआफ्नो काम गर्छौँ । कोही घाँसपात गर्न वन जान्छौँ । कोही घरमा खाना बनाउने काम गर्छौँ । केटाकेटी चाहिँ स्कुल जाने तरखरमा लाग्छन् । केटाकेटी स्कुल जाँदा मलाई विगत सम्झना आउँछ । म पनि यसरी नै स्कुल जान पाएका भए ?

मेरी साथी सहरमा छे । हामी एकै साल जन्मेका हौँ । उसलाई मामाले सहर लानुभयो । उतै पढी । सहरको केटासँग बिहे भयो । सुखी छ रे । उसका घरमा काम गर्ने मानिस छन् । ऊ त आठ बजे उठेर खाना खाएर अफिस जान्छे रे । मेरो जस्तो काम कहाँ गर्नु परोस् ! म पनि त्यहीँ जन्मेकी भए ?

मेरी अर्की साथीको बिहे पल्ला गाउँमा भयो । सानैमा उसका बाआमा मरे । भाइबहिनीको स्याहारसुसार गर्दा उसले पढ्न पाइन । खानलाउन नै धौ धौ छ । लोग्ने विदेश लागे । ऊ दिनभर काम गर्छे । दिनभर काम गरेर पनि यसलाई सुख छैन । सारै दु:ख पाई विचराले । उसको पनि मेरो जस्तो वा सहरकी साथीको जस्तो घर भइदिएको भए ?

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

### १. अक्षर छुट्याएर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| घर | घ | र | | |
| बाटो | | | | |
| दानव | | | | |
| त्रिभुज | | | | |
| टिनटिन | | | | |
| चटक्क | | | | |

### २. तलको अंश पढेर सुनाउनुहोस् र आफूलाई पढ्न गारो लागेका शब्द पनि भन्नुहोस् :

केराबारीका कृष्ण हातमा डन्डा बोकेर बजारतिर लागे । उनले एउटा पाल किने । घरमा पुराण लाउनु थियो । आँगनमा टाँग्ने पाल थिएन । धर्मकर्म गर्न पाल किन्न बजार गएका कृष्णलाई भोक लाग्यो । उनका खुट्टा थरथर कामे ।

### ३. उस्तै उस्तै सुनिने शब्द पढ्नुहोस् :

अन्डा - डन्डा, पाल - साल, कर्म - मर्म, तार - टार, फुल - फूल, आँत - आँट

## क्रियाकलाप २ : **श्रव्यदृश्य बोध**

१. रेडियोमा तपाईँलाई मन पर्ने एउटा कार्यक्रम सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

**प्रश्न**

(क) तपाईँले के कार्यक्रम सुन्नुभयो ?

(ख) उक्त कार्यक्रमबाट तपाईँले के के सिक्नुभयो ?

२. तलको चित्रमा तपाईं के के देख्नुहुन्छ ? भन्नुहोस् :



## ३. साथीले पढेको सुन्नुहोस् र साथीलाई सुनाउनुहोस् :

मानो,
पाथी, तुलो, ढक,
धार्नी, तराजु, कुटी,
कमन्डलु, त्रिशूल, डमरु,
ऋषि, मिटर, गज, मिलिमिटर,
सेन्टिमिटर, किलोग्राम, लिटर

## ३. तलका शब्द सुन्नुहोस् र तिनका दुई दुई अर्थ सोच्नुहोस् :

ताक सम्पन्न भाग थाल हाँस थुप्रा कुरो

## क्रियाकलाप ३ : **पठनप्रवाह/पठनबोध**

## १. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् :

काँसघारीमा हाँस करायो । हाँस कराउँदा अंशुमाको हंस उड्यो । उसलाई युद्ध हारेजस्तो लाग्यो । धर्म र कर्म नगरेकाले काँसघारीमा हाँस कराएको हो कि भन्ने ठानेर ऊ थचक्क बसी । त्यही बेला हाँस बाँसघारीतिर पस्यो ।

(क) हाँसका ठाउँमा कुखुरा, बिरालो वा अन्य कुनै जन्तु राखेर यसरी नै एक अनुच्छेद लेख्नुहोस् र पढेर सुनाउनुहोस् ।

२. तलका शब्द छिटो छिटो पढ्नुहोस् :

कपल्याककुप्लुक

सल्याकसुलुक

पिटिक्क

लत्याकलुतुक

कचकच

फत्याकफुतुक

चुलबुले

टिनटिन

घिटिक्क

थुरथुर

मुसुमुस

टिकटिक

३. तलको चित्रमा घरका मानिसहरू केही विषयमा कुरा गर्दै छन्। उनीहरूले के विषयमा केके कुरा गरे होलान्, सोचेर पाँच वाक्यमा उत्तर लेख्नुहोस् :



### ४. पढ्नुहोस् र अनुमान गर्नुहोस् :

✪ मलाई पच्चिस हजार जति चाहिएको थियो । कसले देला खै ?

✪ हँ, ........... यो केको पोको हो ? पैसा जस्तो छ त । खोलेर हेर्नुपर्‍यो ।

✪ आहा,....... पचास हजार पैसा ?

(क) अब तपाईँ के गर्नुहुन्छ ? पाँच वाक्य तयार पार्नुहोस् ।

### ५. हाम्रा दिन पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) गाउँका मानिसको दिनचर्या के हो ?

(ख) स्कुल जान पाएको भए म पात्रले के गर्थी होला ?

(ग) म पात्र वा सहरकी साथीको जस्तो घर भएको भए पल्लो गाउँकी साथीले के गर्थी ?

(घ) कसको जीवन सबभन्दा राम्रो हो ?

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. उदाहरण हेरेर तलको तालिका पूरा गर्नुहोस् :

| क्षेत्र | शब्द |
|---|---|
| उल्टो अर्थ दिने शब्द | सरल - जटिल, अग्लो - ........., उँभो - ........., धेरै - ........., सानो - ........., माथि - ........., वर - ........., |

| | |
|---|---|
| उस्तै सुनिने शब्द | जाती - जाति ........., जुन - ........., ताप - ........., फुल - ........., सीता - ........., दिसा - ........., हाँस - ........., अंश - ........., जुद्ध - ........., भक्ति - ........., धर्म - ........., थुप्रो - ......... |
| अनुकरणत्मक शब्द | पल्याकपुलुक, ............, .............., ............ |
| नाताका लागि प्रचलनमा रहेका शब्द | आमा, ............, .............., ............ |
| नापतौलमा प्रचलनमा रहेका शब्द | माना, ............, .............., ............ |
| जनावरबोधक शब्द | गाई, ............, .............., ............ |
| अन्नबाली बुझाउने प्रचलित शब्द | धान, ............, .............., ............ |
| समय बुझाउने परिचित शब्द | घण्टा, ............, .............., ............ |
| पहिरन बुझाउने परिचित शब्द | साडी, ............, .............., ............ |

## २. उदाहरण हेरेर अन्त्यमा “इक”  र “ली” उच्चारण हुने शब्द लेख्नुहोस् :

(क) दैनिक, ......., .........

(ख) पाल्पाली, ........, .............,

## ३. अन्त्यमा ‘ग’ भएका शब्द खोजेर लेख्नुहोस् :

काग, .....,........,............,...........,............,

## ४. तलका शब्द सुनेर लेख्नुहोस् :

ऋतु, डेक्ची, खात, मित्र, युद्ध, मानव

## ५. कुन शब्दको अर्थ के होला ?

| | |
|---|---|
| बाग | बटुवालाई थकाइ मार्न बनाएको घर |
| बाघ | फूलबारी |
| पाटी | कुरा जान्ने, चलाख |
| पाठी | हिँड्ने ठाउँ |
| बाटो | बाख्राको पोथी सन्तान |
| बाठो | बिरालो जातको जङ्गली जनावर |

६. तलको शुभकामना पत्र पढ्नुहोस् र तपाईँले पनि यस्तै शुभकामना पत्र बनाउनुहोस् :

**शुभकामना पत्र**

विजया दशमी, २०८० को अवसरमा सम्पूर्ण महानुभावहरूलाई सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छु ।

सन्तोष चलाउने

७. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

घरआँगन : ..............................................................

घाँसपात : ..............................................................

तरखर : ..............................................................

अफिस : ..............................................................

स्याहारसुसार : ..............................................................

८. सुनेर कापीमा लेख्नुहोस् :

काँक्रो, कोक्रो, कुर्सी, ट्रक, मर्कियो, झऱ्यो, पेट्रोल, पिर्का, खर्क, ऱ्याल, पऱ्यो

९. खाली ठाउँ भरेर तलको संवाद पूरा गर्नुहोस् :

कान्छा : मित्र ; झन्डा बोकेर कता हिँडेको नि ?

माइला : ..............................................................

कान्छा : भोट हालेर के गर्छौं नि ?

माइला : नेताले जित्छन् । देशको विकास होला नि ।

कान्छा : ...................................................................

माइला : हैन । अधिकारको प्रयोग त गर्नुपर्छ ।

कान्छा : ...................................................................

## १०. तलको चिठी पढेर उत्तर दिनुहोस् :

झापा

२०८०/११/११

प्रिय मित्र भूमिका,

नमस्कार ।

म त १ नं प्रदेशको यात्रा गर्न झापा आइपुगें । यो ठाउँ त हाम्रो कर्णाली प्रदेशभन्दा भिन्न रहेछ । यहाँ त सुपारी र नरिवल फल्दो रहेछ । चिया बारी पनि छ यहाँ त । अब भोलि हामी इलाम जान्छौं । त्यो ठाउँ झन् रमाइलो छ रे । यसपालि त हामी १० दिन यतै पो बस्छौं होला जस्तो छ ।

तिम्रो साथी

हरि महत

**प्रश्न**

(क) हरि कति दिन १ नं प्रदेशतिर बस्ने रहेछ ?

(अ) १० दिन (आ) १ महिना (इ) १५ दिन (ई) २० दिन

(ख) झापामा के पाइन्छ ?


(अ) नरिवल (आ) अलैँची (इ) कागती (ई) अकबरे खुर्सानी

(ग) माथिको चिठीको उत्तर लेख्नुहोस् ।

## ११. कापीमा सार्नुहोस् :

केराबारीका कृष्ण हातमा डन्डा बोकेर बजारतिर लागे । उनले एउटा पाल किने । घरमा पुराण लाउनु थियो । आँगनमा टाँग्ने पाल थिएन । धर्मकर्म गर्न पाल किन्न बजार गएका कृष्णलाई भोक लाग्यो । उनका खुट्टा थरथर कामे ।

## १२. तलको पोस्टर हेरी त्यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् :



## क्रियाकलाप ५ : **शब्दभण्डार**

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चुलबुले | रेल |
| छुकछुके | पाठो |
| चकचके | बत्ती |
| पिलपिले | पाठो |
| समसिमे | घडी |

### २. विपरीत अर्थ दिने शब्दको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धनी | होचो |
| माथि | थोरै |
| सुखी | गरिब |
| धेरै | तल |
| सरल | दु:खी |
| अग्लो | जटिल |

### ३. खाली ठाउँमा मिल्ने शब्द राखी लेख्नुहोस् :

(अ) ........................ घारीमा हाँस । (गाँस, बाँस, घाँस)

(आ) फूलको ........................ गाँस । (गाला, ताला, माला)

(इ) कति ........................ सीता । (जाति, जाती, सिता)

(ई) ........................ जस्ती जस्ती नीता । (फूल, फुल, मूल)

(उ)ऋण काढी ........................ (अन्डा, झन्डा, डन्डा)

(ऊ) बदमास गरे ........ (डन्डा, ठन्डा, रन्डा)

(ए) ........................ को झोल (फलफूल, चुलबुल, मलजल)

(ऐ) कति दिन्छौ ........................ ? (मोल, पोल, खोल)

## ४. शब्द बनाउनुहोस् :

| | |
|---|---|
| कि + ल = किल (सानो फल) | खि + ल = |
| चि + ल =झि + ल = | |
| ति + ल =दि + ल = | |
| बि + ल =मि + ल = | |
| रि + ल =सि + ल = | |

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

### १. उपयुक्त चिह्न राखी तलका वाक्य लेख्नुहोस् :

(क) ऊ .................. रमा र म जुम्ला गयौं । | , | । | ? |

(ख) तिमी इलाम गयौ .................... | । | ! | ? |

(ग) आहा .................... कति राम्रो हिमाल ........... | ? | । | ! |

(घ) म एभोकाडो रोप्छु .................... | । | , | ? |

२. पानी वस्तुलाई खुवाउन, बालीनालीमा लगाउन, नुहाउन, भाँडा माझ्न, खान काम लाग्छ । यस विषयलाई आधार बनाएर एक अनुच्छेद लेख्नुहोस् ।

३. काल जनाउने तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जस्तै : गाईले घाँस खान्छ ।

| | | | |
|---|---|---|---|
| खा | खान्छ | खायो | खाने छ |
| भन् | भन्छ | भन्यो | भन्ने छ |
| सुत् | सुत्छ | सुत्यो | सुत्ने छ |
| चर् | चर्छ | चर्‍यो | चर्ने छ |

४. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| होचो | होची | होचा |
| हाम्रो | ............ | .......... |

| | | |
|---|---|---|
| ...... | ............ | आफ्ना |
| ............. | केटी | ........... |
| ठुलो | .............. | ......... |
| ................. | सानी | ............ |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

### १. तपाईँ र तपाईँका साथीले एक दिन गर्ने काम लेख्नुहोस् :

| मैले गरेका काम | साथीले गरेका काम |
|---|---|
| | |

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस्

### १. पढेर सुनाउनुहोस् :

मेरी साथी सहरमा छे । हामी एकै साल जन्मेका हौँ । उसलाई मामाले सहर लानुभयो । उतै पढी । सहरको केटासँग बिहे भयो । सुखी छ रे । उसका घरमा काम गर्ने मानिस छन् । ऊ त आठ बजे उठेर खाना खाएर अफिस जान्छे रे । मेरो जस्तो काम कहाँ गर्नु परोस् । म पनि त्यहीँ जन्मेकी भए ?

## २ . तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आँट : ....................................................................................

सहर : ....................................................................................

नाग : ....................................................................................

खाग : ....................................................................................

## ३. उस्तै सुनिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सीता | वंश |
| काती | जुद्ध |
| युद्ध | काटी |
| धर्म | सिता |
| अंश | कर्म |

## ४. खाली ठाउँमा मिल्ने चिह्न राख्नुहोस् :

(क) तपाईँ कहाँ पढ्नुहुन्छ .....

(ख) रिता... सीता र गीता नाचे ।

(ग) म डोटी जान्छु...

## ५. स्त्रीलिङ्ग जनाउने वाक्यमा परिवर्तन गर्नुहोस् :

(क) भालेले चारो खायो । ..................................................

(ख) मामा गीत गाउनुहुन्छ । ..................................................

(ग) राजा हाँसे । ..................................................

## ६. तलको पाठ पुनः पढ्नुहोस् र उत्तर दिनुहोस् :

हामी गाउँमा बस्छौँ । गाउँमा बिहानैदेखि काम गर्नुपर्छ । बिहान उठेर घरआँगन बढार्नु र गाईवस्तुलाई खोले र घाँस दिनु हाम्रो दिनचर्या हो । हामी चिया खाएर आआफ्नो काम गर्छौं । कोही घाँसपात गर्न वन जान्छौँ । कोही घरमा खाना बनाउने काम गर्छौं । केटाकेटी चाहिँ स्कुल जाने तरखरमा लाग्छन् । केटाकेटी स्कुल जाँदा मलाई विगत सम्झना आउँछ । म पनि यसरी नै स्कुल जान पाएको भए ?

मेरी साथी सहरमा छे । हामी एकै साल जन्मेका हौँ । उसलाई मामाले सहर लानुभयो । उतै पढी । सहरको केटासँग बिहे भयो । सुखी छ रे । उसका घरमा काम गर्ने मानिस छन् । ऊ त आठ बजे उठेर खाना खाएर अफिस जान्छे रे । मेरो जस्तो काम कहाँ गर्नु परोस् । म पनि त्यहीँ जन्मेकी भए ?

मेरी अर्की साथीको बिहे पल्ला गाउँमा भयो । सानैमा उसका बाआमा मरे । भाइबहिनीको स्याहारसुसार गर्दा उसले पढ्न पाइन । खानलाउन नै धौ धौ छ । लोग्ने विदेश लागे । ऊ दिनभर काम गर्छे । दिनभर काम गरेर पनि यसलाई सुख छैन । सारै दु:ख पाई विचराले । उसको पनि मेरो जस्तो वा सहरकी साथीको जस्तो घर भइदिएको भए ?

**के हुन्थ्यो होला ?**

(क) म पनि यसरी नै स्कुल जान पाएको भए ?

(ख) म पनि त्यहीँ जन्मेकी भए ?

(ग) उसको पनि मेरो जस्तो वा सहरकी साथीको जस्तो घर भइदिएको भए ?

## ७. मिल्ने शब्द राखेर खाली ठाउँ भर्नुहोस् :

बाघ ... मा बस्छ । चरो ... मा बस्छ । मानिस ... मा बस्छ । मुसो .... मा बस्छ । खरायो .... मा बस्छ । गाई .... मा बस्छ । घोडा .... मा बस्छ । बाखो .... मा बस्छ । हैन यो सलह चाहिँ ..... बस्छ होला ?

## ८. तलका चिह्न प्रयोग गरेर एक एक वाक्य लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| , | ? | । | ! |

## ९. तलको चित्र हेरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



एकाइ ३

# हाम्रो समुदाय

१. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

## हामी भाग्यमानी

कोही मान्छे पुराण भन्छन् कोही गर्छन् व्यापार
कोही कुरान बाइबल पढ्छन् कोही जान्छन् बजार
धेरै जाति धेरै भाषा संस्कृतिका धनी
हाम्रो समाज राम्रो समाज हामी भाग्यमानी


ओल्लो घरका बिरामीलाई पल्लो घरको साथ
मेरा पाइला अघि बढ्दा छिमेकीको हात
पाहुना हाम्रा देवता हुन् सम्मान गर्ने बानी
अनौठो छ हाम्रो समाज गौरव गर्छौं हामी

पसिनाको बिउ रोपी बारी हरियाली
भकारीमा अन्न हुँदा गर्छौं खुसीयाली
छलकपट गर्नुहुन्न ठाडो राख्ने शिर
मिलीजुली अघि बढ्ने हामी कर्मवीर

## क्रियाकलाप १ : ध्वनि सचेतीकरण

१. हामी भाग्यमानी कविता साथीबाट सुन्नुहोस् र आफू पनि गाउनुहोस् ।

२. तलको चित्र हेर्नुहोस् र के के देख्नुभयो, भन्नुहोस् :



२. तलका शब्द उच्चारण गर्नुहोस् :

भात, खाट, स्वाद, घर, जल

पानी, तारा, राजा, पसल, ठसठस

अमला, पोखरी, गैरीखेत, खरायो, बिरालो

सूर्यमुखी, पानीजहाज, धारापानी, कच्याककुचुक, सुलुसुलु

३. **तलको अंश पढेर सुनाउनुहोस् र आफूलाई पढ्न गारो लागेका शब्द पनि भन्नुहोस् :**

तिज लागेपछि महिला उत्साहित हुन्छन् । तिजमा दर खाइन्छ । महिलाहरू शिवजीको पूजा गर्छन् । शिवजीको पूजा गर्दा जीवनमा अनिष्ठ हुँदैन भन्ने भनाइ छ । तिजकै बेला इद मनाइन्छ । इदमा पनि मिठामिठा परिकार खाएर खुसीयाली मनाइन्छ । नेपाल संस्कृतिमा धनी भएकाले वर्षभरि कुनै न कुनै चाडपर्व मनाउने गरिन्छ । चाडवाड हाम्रा पहिचान पनि हुन् । हामीले आफ्नो संस्कृति मान्नुपर्छ ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध

१. **तपाईँले सुनेको कुनै एउटा गीत वा घटना सुनाउनुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) तपाईँले सुनेको गीत वा घटनाको विषय के थियो ?

(ख) उक्त गीत वा घटनाबाट तपाईँले के के सिक्नुभयो ?

२. **मिल्दा र नमिल्दा कुरा तलको बाकसमा लेख्नुहोस् :**





| मिल्दा कुरा | नमिल्दा कुरा |
| --- | --- |
| | |

### ३. तलका शब्द सुन्नुहोस् र तिनको अर्थ बुझ्नुहोस् :

खोरिया, गोबर, गन्ध, घन्टी, घाम, ङ्याउरो, च्याखुरो, छाना, छाता, ज्याकेट, झर्ना, झाडी, पञ्च, मञ्च, ठमठम, ठमेल

## क्रियाकलाप ३ : पठनप्रवाह/पठनबोध

### १. तलको संवाद तपाईँ र साथी मिलेर पढ्नुहोस् :

लता : लक्ष्मी, आज यशोदा र यमुना कता गएछन् ?

लक्ष्मी : डाँडाकाँडा डुलेर रचनासँग रमाउँदै रमाइलो गर्दै होलान् नि ।

लता : मलाई पनि वनतिर जाने विचार छ । त्यहाँ लहलह लहरा हुन्छन् ।

लक्ष्मी : लुनिभालाई पनि दिएर जाऔँ ल ।

लता : ढाकाराम र दण्डपाणिले पनि तेह्र पटक जति भइसक्यो डुल्न जाऔँ भनेको ।

लक्ष्मी : ढाकाराम त निबन्ध लेखेर बसेको होला । के जाला र ?

लता : अस्ति दामन गएर आएको रहेछ । अब हामीसँग जाने रे ।

**माथिको संवादबाट य, र, ल, व प्रयोग भएका शब्द टिप्नुहोस् :**

य प्रयोग भएका शब्द : ...................................................

र प्रयोग भएका शब्द : ...................................................

ल प्रयोग भएका शब्द : ...................................................

व प्रयोग भएका शब्द : ...................................................

२. तलको कविता पढ्नुहोस् :

पसिनाको बिउ रोपी बारी हरियाली

भकारीमा अन्न हुँदा गर्छौं खुसीयाली


छलकपट गर्नुहुन्न ठाडो राख्ने शिर

मिलीजुली अघि बढ्ने हामी कर्मवीर


३. तपाईँले सुनेको एउटा गीत वा कविता सुनाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. तलका चित्रको नाम लेख्नुहोस् :
















### २. तलका शब्द पढेर तालिकामा भर्नुहोस् :

तपस्या, लप्सी, उमा, रसबरी, तराजु, लड्डु, रकेट, उपमा, उपकार, लहरा, रतुवा, तरकारी, उत्पात, लगनखेल, रत्ना

| उ प्रयोग भएका शब्द | त प्रयोग भएका शब्द | र प्रयोग भएका शब्द | ल प्रयोग भएका शब्द |
| --- | --- | --- | --- |
| | | | |

३. तलका शब्दको अघिल्लो वर्ण प्रयोग गरी अर्को शब्द बनाउनुहोस् :

जस्तै : कर ⟶ खर

पसल, नाङ्लो, आदेश, रमाइलो, वीर, पाला

४. स्वास्थ्य, कोरोना भाइरस, बेहाल, उपचार, सहयोग, निको, धन्यवाद शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

५. हामी भाग्यमानी कविता पढेर उत्तर दिनुहोस् :

(क) मानिसले के के पढ्छन् ?

(ख) हामी किन भाग्यमानी छौँ ?

(ग) पाहुनालाई किन सम्मान गर्नुपर्छ ?

(घ) हामी कहिले खुसीयाली मनाउँछौँ ?


(ङ) कर्मवीर भनेको के हो ?


६. बढाएर लेख्नुहोस् :

हाम्रो समाज, राम्रो समाज, हामी भाग्यमान

## क्रियाकलाप ५ : शब्दभण्डार

१. तलका चित्रको नाम कापीमा सार्नुहोस् :




२. माथि १ नं. मा तपाईँले लेखेका शब्द प्रयोग गरेर एक अनुच्छेद लेख्नुहोस् ।

३. कोठाका अक्षरबाट मिल्ने शब्द बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| त | र | वा | र |
| रा | मा | न | व |
| जु | इ | र | ङ |
| कु | लो | हो | रो |

जस्तै : नङ

४. तलका शब्दका सुरुमा अक्षर थपेर नयाँ शब्द बनाउनुहोस् :

| देश | विदेश | प्रदेश | आदेश |
|---|---|---|---|
| चार | ............ | ............... | ................ |
| सल | ............ | ............... | ................ |
| हार | ............ | ............... | ................ |
| कृति | ............ | ............... | ............... |

५. तलको निमन्त्रण पत्र पढेर त्यस्तै निमन्त्रणा पत्र बनाउनुहोस् :

**निमन्त्रणा पत्र**

श्री अखिलेश्वरप्रसाद शर्मा
वैकुण्ठनगर - ३

यस विद्यालयको वार्षिकोत्सव कार्यक्रममा उपस्थित भइदिनुहुन अनुरोध छ ।

प्रधानाध्यापक

नमुना माध्यमिक विद्यालय

कार्यक्रम

मिति : २०८१/०५/०५

समय : बिहान ११ बजे

स्थान : विद्यालयको चउर

## ६. बिचमा वर्ण थपेर नयाँ शब्द बनाउनुहोस् र पढेर सुनाउनुहोस् :

बि ..... ला., उ...स, बा....वा, ग....लो, ग.....त

## ७. तलको कोठेपद भर्नुहोस् :

| | | | |
|---|---|---|---|
| १ | | २ | ३ |
| | ४ | | ५ |
| ६ | ७ | ८ | |

ठाडो

१. एक फल (४)

३. फूल रोप्ने भाँडो (३)

५. दुधको तर (३)

७. अरूको धनमाल लिने (२)

८. हतियार उध्याउने ढुङ्गो (२)

तेर्सो

१. महिला (२)

२. सर्प (२)

४. लेख्ने साधन (३)

६. स्कुल (४)

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

### १. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

(क) भाइले भात ............... (खायो, खानुहुन्छ, खान्छस्)

(ख) म बजार ..................... (जानुहुन्छ, गएँ, गइस्)

(ग) उनीहरू ..................... (नाच्छन्, नाच्नुहुन्छ, नाच्छस्)

(घ) तपाईँ कहिले ..................... (आइस्, आयौ, आउनुभयो)

(ङ) हामी ज्ञानी ..................... (बने, बन्छन्, बन्नुपर्छ)

२. तलका जस्तै शब्द बनाउनुहोस् :

| खानु | खान्छ | खायो | खाने छ |
|---|---|---|---|
| पढ्नु | ........... | .............. | ............... |
| जानु | ........... | .............. | ............... |
| दिनु | ........... | .............. | ............... |
| नाच्नु | ........... | .............. | ............... |

३. तलका शब्द राखेर वाक्य बनाउनुहोस् :

खाँदै छु : ..............................................................................

पढ्दै हुनुहुन्छ : ..............................................................................

खन्दै छिन् : ..............................................................................

सुनाउँदै थियो : ..............................................................................

## ४. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| उसको | ............ | ............... |
| मेरो | ............ | तेरा |
| ............ | ............ | आफ्ना |
| ............ | होची | ............ |
| राम्रो | ............ | ............ |
| ............ | सानी | ............ |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. तलको चित्र हेरी हाम्रो समाज शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :



## २. तलका बुँदाका आधारमा कथा तयार पार्नुहोस् :

जङ्गलमा एउटा स्याल हुनु .... स्यालले मानिससँग मासु नखाने बाचा गर्नु .... मानिसले दालभात दिनु ..... राती राती कुखुरा हराउनु ... मानिसलाई शङ्का लाग्नु ..... मानिसले स्याल बस्ने ठाउँ हेर्नु ..... हराएका कुखुराका प्वाँख देख्नु ..... स्याललाई कुटेर खेद्नु

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

### १. अभिनय गर्दै पढेर सुनाउनुहोस् :

लता : लक्ष्मी, आज यशोदा र यमुना कता गएछन् ?

लक्ष्मी : डाँडाकाँडा डुलेर रचनासँग रमाउँदै रमाइलो गर्दै होलान् नि ।

लता : मलाई पनि वनतिर जाने विचार छ । त्यहाँ लहलह लहरा हुन्छन् ।

लक्ष्मी : लुनिभालाई पनि दिएर जाऔँ ल ।

लता : ढाकाराम र दण्डपाणिले पनि तेह्र पटक जति भइसक्यो डुल्न जाऔँ भनेको ।

### २. तलका शब्द उच्चारण गर्नुहोस् :

| | | | |
|---|---|---|---|
| पुराण | संस्कृति | देवता | गौरव |
| ठाडो | कर्मवीर | उत्साहित | अनिष्ठ |

## ३. जस्ताको तस्तै सार्नुहोस् :

तिज लागेपछि महिला उत्साहित हुन्छन् । तिजमा दर खाइन्छ । महिलाहरू शिवजीको पूजा गर्छन् । शिवजीको पूजा गर्दा जीवनमा अनिष्ठ हुँदैन भन्ने भनाइ छ । तिजकै बेला इद मनाइन्छ । इदमा पनि मिठामिठा परिकार खाएर खुसीयाली मनाइन्छ । नेपाल संस्कृतिमा धनी भएकाले वर्षभरि कुनै न कुनै चाडपर्व मनाउने गरिन्छ । चाडवाड हाम्रा परिचान पनि हुन् ।

## ४. उदाहरणमा जस्तै शब्द बनाउनुहोस् :

| खा : खान्छ | खायो | खाने छ | |
|---|---|---|---|
| हु : | .................. | .................. | .................. |
| टिप् : | .................. | .................. | .................. |
| पकाउ : | .................. | .................. | .................. |
| जिस्क : | .................. | .................. | .................. |

## ५. उत्तर दिनुहोस् :

(क) हामी किन धनी छौँ ?

(ख) छिमेकीले के गर्छन् ?

(ग) कसरी कर्मवीर बन्न सकिन्छ ?

(घ) तिजमा महिलाले के गर्छन् ?

(ङ) चाडवाड के हुन् ?

## ६. वाक्यलाई मिलाएर लेख्नुहोस् :

भाउजू विद्यालय गयो । भाउजूले विद्यालयबाट टेलिफोन गऱ्यो । उसले इमेल हेऱ्यो । भाउजूले दाजुलाई बोलायो । बेलुका दाजुभाउजू दुवै घर आयो ।

...................................................... ..................................................


...................................................... ..................................................

...................................................... ..................................................

## ७. बढाएर लेख्नुहोस् :

हामीले आफ्नो संस्कृति मान्नुपर्छ ।

## ८. तलको चित्र हरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



एकाइ ४

# हाम्रो विद्यालय

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

सुमी आज बिहानै उठी । हातमुख धोई । चिया खाई । गृहकार्य गरी । उसलाई आज सबैभन्दा पहिले सिकाइ केन्द्र पुग्न मन लाग्यो । उसले चाँडै खाना खाई । ऊ विद्यालय हिँडी । आज उसले बाटामा कसैलाई भेटिन । आफू चाँडो हिँडेकाले कसैलाई नभेटेको भन्ने ठानी । आज अरू सिकाइ केन्द्रका साथी पनि देखिएनन् । सधैँ बाटामा अरू स्कुलका धेरै साथी भेटिन्थे । स्कुलका बस पनि देखिएनन् । ऊ आफू सबै स्कुलका विद्यार्थीभन्दा चाँडो स्कुल पुग्ने विद्यार्थी हुने भएँ भनी झन् खुसी भई ।

सुमी सिकाइ केन्द्रमा पुगी । सिकाइ केन्द्रमा उर्मिला, रमेश, सुधा कोही पनि आएका थिएनन् । ऊ शौचालयमा गई । फर्किंदा उसले पाले दाइलाई देखी । सुमीलाई देखेर पालेले भने, “नानी आज किन स्कुल आएकी ? तिमीलाई हिजो सरहरूले केही भन्नुभएन ? उ: त्यहाँ हेर त ?”


सुमीले सूचनापाटीतिर हेरी । त्यहाँ लेखिएको थियो : एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याएकाले खुसी मनाउन भोलि एक दिन सबैलाई बिदा दिइएको छ ।

धत्, कस्तो सपना देखेँछु भन्दै सुमी जुरुक्क उठी ।

## क्रियाकलाप १ : ध्वनि सचेतीकरण

१. माथिको कथा सुन्नुहोस् र भन्नुहोस् ।

२. जोडेर शब्द बनाई उच्चारण गर्नुहोस् :




जस्तै : सम्मान

३. दुई अक्षर संरचना भएका शब्दको सुरु र अन्तमा आउने वर्ण छुट्याउनुहोस् :

| | | |
|---|---|---|
| हर | ह | र |
| आमा | ........ | ........ |
| मिति | ........ | ........ |
| ढोका | ........ | ........ |
| कक्षा | ........ | ........ |

### ४. तलको कविता लय मिलाएर पढ्नुहोस् :

चरा आए उडेर प्वाँख फरर
पाकेका ती ऐँसेलु झरे भरर
पारी वनमा कोइली गाउँछ मिठो गीत
आऊ न साथी मिलेर लाऊँ न मिठो प्रीत

घरमा गाईबस्तु छन् वनमा जुरेली
गाईबाख्रा चराउँदै बजाऊ मुरली
म बजाउँछु मादल नाच छमछम
स्कुलमा मेला छ होला रमझम

### ५. तपाईँको छरछिमेकमा पुस्तकालय छ ?

(क) छैन भने किन नभएको होला ?

(ख) छ भने त्यहाँ कुन कुन किताब छन् ?

### ६. तपाईँले तपाईँका साथीलाई एउटा प्रश्न सोधेर उत्तर भन्न लगाउनुहोस् । त्यस प्रश्नको उत्तरमा तपाईँलाई राम्रा लागेका र नलागेका कुरा साथीलाई सुनाउनुहोस् ।

## क्रियाकलाप २ : **श्रव्यदृश्य बोध**

### १. चित्र हेरेर मिल्ने र नमिल्ने कुरा भन्नुहोस् :






### २. सूचना पढेर उत्तर भन्नुहोस् :

**बालदिवससम्बन्धी सूचना**

बालदिवसका दिन यस केन्द्रले खेलकुद कार्यक्रम आयोजना गर्ने भएकाले आफ्ना अभिभावकसँग उपस्थित हुन अनुरोध गरिएको छ ।

प्रमुख

सामुदायिक सिकाइ केन्द्र

कार्यक्रम

मिति : भदौ २९ गते

स्थान : केन्द्रको सभाकक्ष

समय : बिहान ९ बजे

## प्रश्न

(क) सूचना के विषयमा छ ?


(ख) सूचना कसले गरेको हो ?

(ग) बालदिवसमा के कार्यक्रम हुँदै छ ?

(घ) खेलकुद कहिले हुँदै छ ?

(ङ) यो सूचना हेरेर घर गएपछि तपाईँ के गर्नुहुन्छ ?

## ३. नमिल्ने चित्र छुट्याउनुहोस् :



## क्रियाकलाप ३ : पठनप्रवाह/पठनबोध

### १. लय मिलाई गाउनुहोस् र उत्तर दिनुहोस् :

रङ्गीचङ्गी फूलमा
    बसे भमरा
दसैँ आयो शिरमा
    टीका जमरा
लेकबेँसी गरेर
    बित्यो जीवन
केही गर्न सकिनँ
    भन्दै नभन
हातभरि सिप छ
    माटो खेल न
मनको साँचो सोचलाई
    बाहिर पोख न

**प्रश्न**

(क) साथी र तपाईँ मिलेर यो गीत गाउनुहोस् ।

(ख) फूलमा र शिरमा के के छन् ?

(ग) के भन्नुहुँदैन ?

(घ) सिपलाई के गर्नुपर्छ ?

(ङ) साँचो सोचलाई के गर्नुपर्छ ?

## २. तलका शब्दको फरक अर्थ बुझेर भिन्न भिन्न वाक्यमा प्रयोग गर्नुहोस् :

सही : ..........................................................................................

सही : ..........................................................................................

पत्र (पात) :......................................................................................

पत्र (चिठी) :.....................................................................................

पाल : ..........................................................................................

पाल : ..........................................................................................

ताप : ..........................................................................................

ताप : ..........................................................................................

## ३. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् अनि उत्तर भन्नुहोस् :



सुमी आज बिहानै उठी । हातमुख धोई । चिया खाई । गृहकार्य गरी । उसलाई आज सबैभन्दा पहिले सिकाइ केन्द्र पुग्न मन लाग्यो । उसले चाँडै खाना खाई । ऊ विद्यालय हिँडी । आज उसले बाटामा

कसैलाई भेटिन । आफू चाँडो हिँडेकाले कसैलाई नभेटेको भन्ने ठानी । आज अरू सिकाइ केन्द्रका साथी पनि देखिएनन् । सधैँ बाटामा अरू स्कुलका धेरै साथी भेटिन्थे । स्कुलका बस पनि देखिएनन् । ऊ आफू सबै सिकाइ केन्द्रका विद्यार्थीभन्दा चाँडो स्कुल पुग्ने विद्यार्थी हुने भएँ भनी झन् खुसी भई ।

### प्रश्न

(क) सुमी किन छिटो उठेकी हो ?

(ख) बाटामा किन बस देखिएनन् ?

(ग) सुमी किन खुसी भई ?

## ५. पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) पाले दाइले के भने ?

(ख) कोइलीले के गर्छ ?

(ग) कहाँ रमझम छ ?


(घ) बालदिवस किन मनाइन्छ ?

(ङ) जीवन कसरी बित्यो ?

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. तलका चित्रको नाम लेख्नुहोस् :













### २. शब्द बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| बालक | = | बालक | |
| दश | = | | |
| शीर्ष | = | | |
| शत | = | | |
| मान | = | | |
| जन | = | | |

## ३. सोचेर खाली ठाउँ भर्नुहोस् :

मेरो नाम ................................ हो । म ......... वर्षको/की भएँ । म ............... मा बस्छु । मेरा बाको नाम ..................................... हो । मेरी आमाको नाम ................................ हो । म .............................. काम गर्छु । मलाई सबैले ................................ गर्छन् ।

## ४. तपाईंका साथीका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

## ५. शनिबारका बिदाका दिन तपाईँले गरेका काम लेख्नुहोस् ।

## ६. तलको चित्र हेरी त्यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् :



## क्रियाकलाप ५ : शब्दभण्डार

### १. तलका शब्दलाई शुद्ध पारेर सार्नुहोस् :

ग्रिहकार्य, विध्यालय, सुचना, प्वाख, अबिभाबक, जिबन

### २. तलका वर्णबाट सुरु हुने पाँच पाँच शब्द लेख्नुहोस् :

| च बाट सुरु हुने | त्रि बाट सुरु हुने | ज्ञ बाट सुरु हुने | ट बाट सुरु हुने | सै बाट सुरु हुने |
|---|---|---|---|---|
| | | | | |

### ३. जनकपुर शब्दबाट तलका अर्थ आउने शब्द बनाउनुहोस् :

मानिस : नर

ठाउँ : ..........................................................

शुल्क : ..........................................................

मिथिलाका राजा : ..........................................................

आँखा : ..........................................................

नरक : ..........................................................

## ४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

शौचालय : ..........................................................

उत्कृष्ट : ..........................................................

प्वाँख : ..........................................................

छमछम : ..........................................................

उपस्थित : ..........................................................

## ५. पढेर अर्थ बुझ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

जल, मल, सार, कसार, कर, चहक, हक, सदर, कदर, बदर

# क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

## १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) उनीहरू मकै | लेख्छ । |
| (ख) म विद्यालय | नाच्छिन् । |
| (ग) राम कविता | धुन्छस् । |
| (घ) तँ लुगा | जान्छु । |
| (च) उनी राम्ररी | गोड्छन् । |

## २. तलका चिह्न राखी एक एक वाक्य लेख्नुहोस् :

, । ?

## ३. काल जनाउने तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

खान्छ : ..............................................................

भन्छ : ..............................................................

खेल्छ : ..............................................................

गर्छ : ..............................................................

सुत्छ : ..............................................................

## ४. तलको तालिकाबाट वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| म | | पाल्छन् | |
| हामी | | पाल्नुहुन्छ | |
| तँ | | पाल्छु | |
| तिमी | गाई | पाल्छ | । |
| तपाईं | | पाल्छौँ | |
| ऊ | | पाल्छस् | |
| उनी | | पाल्छौ | |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

### १. तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :

एक जना भक्तले ईश्वरको भक्ति गर्नु ........... ईश्वर खुसी भएर वर माग भन्नु .... ईश्वरले एउटा मात्र वर दिने सर्त राख्नु ........... भक्तका बाआमा दृष्टिविहीन हुनु ........... उसले आँखा माग्ने विचार गर्नु ........... पत्नीको सल्लाहअनुसार वर माग्ने निर्णय गर्नु ........... उसले मेरा बाआमाले आँगनमा बसेर सुनका थालमा खिर खाँदै गरेको मैले पाँच तले घरको छतमा बसेर हेर्न पाऊँ भन्नु ........... एउटा वर दिने ईश्वर नै छक्क पर्नु ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

### १. पढेर सुनाउनुहोस् :

सुमी विद्यालयमा पुगी । विद्यालयमा उर्मिला, रमेश, सुधा कोही पनि आएका थिएनन् । ऊ शौचालयमा गई । फर्किंदा उसले पाले दाइलाई देखी । सुमीलाई देखेर पालेले भने, “नानी आज किन स्कुल आएकी ? तिमीलाई हिजो सरहरूले केही भन्नुभएन ? उ : त्यहाँ हेर त ?”

### २ . तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आँट : .........................................................................................

खोल : ..........................................................................................

युद्ध : ..........................................................................................

नाग : ..........................................................................................

खाग : ..........................................................................................

## ३. तलका शब्दलाई छुट्याएर लेख्नुहोस् :

| | | |
|---|---|---|
| भोलि | .................... | .................... |
| किताब | .................... | .................... |
| साथी | .................... | .................... |
| पाठी | .................... | .................... |

## ४. विद्यालयका बारेमा पाँच वाक्य लेख्नुहोस् ।

## ५. पाठ पढेर उत्तर दिनुहोस् :

(क) पाले दाइले के भने ? (ख) ऐँसेलु कसरी झरे ?

(ग) दसैँमा के गरिन्छ ? (घ) साँचो सोचलाई के गर्नुपर्छ ?

## ६. बढाएर लेख्नुहोस् :

वाक्य हातभरि सिप छ

माटो खेल न

..................................

..................................

एकाइ ५

# हाम्रो वातावरण

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### कम्मर कस्नुहोस्

हिमाल, पहाड, सफा छ सफा तराई
वनजङ्गल सफा छ मनै रमाई
वातावरण स्वच्छ छ सफा बस है
हावा, पानी, माटालाई सफा राख है



फोहोर धुलोमैलाले रोग निम्ताउने
रोगव्याधि बढेमा स्वास्थ्य बिग्रने
प्रदूषण रोक्नुहोस् सभ्य बन्नुहोस्
वातावरण जोगाउन कम्मर कस्नुहोस्

फोहोर गर्ने हामी हौँ दोषी हामी हौँ
वातावरण जोगाउने कर्ता हामी हौँ
स्वच्छ घरआँगन स्वच्छ हुन्छ मन
हिमाल, पहाड, तराई चम्किदिन्छ झन्

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

१. कम्मर कस्नुहोस् कविता लय मिलाएर गाउनुहोस् ।

२. तलका शब्द उच्चारण गर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| पहाड | वनजङ्गल | स्वच्छ | रोगव्याधि | प्रदूषण | दोषी |

३. तलका शब्दको अर्थ भन्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण | रोग | स्वास्थ्य | सभ्य | कर्ता | स्वच्छ |

४. तलका शब्द पढेर साथीलाई सुनाउनुहोस् :

आकाशबाट पानी पऱ्यो । पानीले माटो भिजायो । माटामा मैले मकै रोपेँ । मकै हरियो भएर आयो । मकैमा घोगा लागे । मकैबारीमा सुगा आए । मैले हरिया सुगा धपाएँ । सुगा रुखमा बसे । रुखले शीतल दियो ।

५. अक्षर र शब्द जोडेर नयाँ शब्द बनाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| प्र | + | चार | = | |
| प्र | + | काश | = | |
| प्र | + | हार | = | |
| बे | + | कार | = | |
| सं | + | वाद | = | |
| आ | + | कृति | = | |

वि + कृति = 

६. **तलको समाचार पढ्नुहोस् र तपाईँ वातावरण दिवसमा के गर्नुहुन्छ, भन्नुहोस् :**

रेडियोमा समाचार बज्यो : आज वातावरण दिवस हो । आज वातावरण सफा राख्नेबारेमा गाउँटोलमा सचेतना कार्यक्रम गर्न सरकारले अनुरोध गरेको छ । वातावरण दिवस मनाउने दिन घरआँगन सफा गर्नुपर्छ । बिरुवा रोप्नुपर्छ । वनजङ्गल विनाश भएमा रोगव्याधि बढ्छ । पानी पर्न थाल्छ । खडेरी बढ्छ । मानिसलाई बाँच्न गारो हुन्छ । त्यसैले वातावरण जोगाउनुपर्छ ।

## क्रियाकलाप २ : **श्रव्यदृश्य बोध**

१. **वातावरण दिवस वा अरू कुनै दिवसका दिनमा रेडियोमा के कार्यक्रम आउँछ । सुनेर टिपोट गर्नुहोस् ।**

२. **तलका चित्र हेरी तपाईंलाई कुन चित्रको सन्देश राम्रो र कुनको नराम्रो लाग्यो भन्नुहोस् :**





## ३. हेर्नुहोस्, बुझ्नुहोस् र उत्तर भन्नुहोस् :

| बार | पहिलो घन्टी | दोस्रो घन्टी | तेस्रो घन्टी | चौथो घन्टी | पाँचौँ घन्टी |
|---|---|---|---|---|---|
| आइतबार | अङ्ग्रेजी | नेपाली | हाम्रो सेरोफेरो | स्थानीय विषय | गणित |
| सोमबार | गणित | अङ्ग्रेजी | नेपाली | स्थानीय विषय | हाम्रो सेरोफेरो |
| मङ्गलबार | हाम्रो सेरोफेरो | हाम्रो सेरोफेरो | अङ्ग्रेजी | स्थानीय विषय | नेपाली |
| बुधबार | अङ्ग्रेजी | नेपाली | हाम्रो सेरोफेरो | स्थानीय विषय | गणित |
| बिहीबार | गणित | हाम्रो सेरोफेरो | नेपाली | स्थानीय विषय | हाम्रो सेरोफेरो |
| शुक्रबार | हाम्रो सेरोफेरो | हाम्रो सेरोफेरो | चित्रकला | नृत्य | खेलकुद |

**प्रश्न**

(क) यस तालिकामा कुन कुराको जानकारी दिइएको छ ?

(ख) आइतबार कुन कुन विषयको पढाइ हुन्छ ?

(ग) नेपाली विषयको पढाइ कुन कुन दिन हुन्छ ?

(घ) कुन दिन दुई घन्टी एउटै विषय पढाइ हुन्छ ?

(ङ) नृत्य कुन दिन सिकाइँदो रहेछ ?

## ४. शब्द र रङको जोडा मिलाउनुहोस् :


रातो 

निलो 

हरियो 

सेतो 

पहेँलो 

कालो 

## ५. यी जन्तु कसरी कराउँछन् ? आवाज निकाल्नुहोस् र शब्द लेख्नुहोस् :

भ्यागुतो : ..........................................................................

कोइली : ..........................................................................

बाछो : ..........................................................................

कुकुर : ........................................................................

बिरालो : ....................................................................

मुसो : .........................................................................

बाख्रो : .......................................................................

## क्रियाकलाप ३ : **पठनप्रवाह/पठनबोध**

१. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् :

हजुरबा आफ्ना मनका पीडालाई गीतमा गुन्गुनाउँदै हुनुहुन्थ्यो । त्यही बेलामा सरिताका ससुरा पनि आइपुग्नुभयो । उहाँ बालाई अस्पताल लान गाडी खोज्न जानुभएको रहेछ । अस्पताल जान आधा घण्टा लाग्थ्यो । घरबाट अस्पताल झन्डै तीन किलोमिटर टाढा थियो । सरिताको माइती पनि त्यही बाटामा पर्थ्यो । उनको माइतीचाहिँ घरबाट आधा किलोमिटर टाढा थियो । हिँडेर जान सक्ने कुरै थिएन । त्यही भएर गाडी खोज्न जानुभएको थियो । पहिले त हजुरबा मान्नुभएको थिएन तर सरिताका ससुराले सम्झाएपछि उहाँ अस्पताल जान तयार हुनुभयो । सरिताले म पनि जाने भनेपछि उनलाई पनि लिएर सबै जना १० बजेर १५ मिनेटमा अस्पताल पुगे । सरिता र उनकी सासुले थर्मस, एउटा गिलास, ब्ल्याङ्केट, सिरानी र केही फलफूल बोके ।

(क) यस कथामा के विषयको वर्णन गरिएको छ ? भन्नुहोस् ।

## २. तलको संवाद साथीसँग मिलेर पढ्नुहोस् :

रामकली : आज त वातावरण दिवस हो रे नि नैनकला ?

नैनकला : हो त । तिमीलाई थाहा थिएन ?

रामकली : मलाई थाहा थिएन । आज बिहान रेडियोले भनेपछि पो थाहा पाएँ मैले त ।

नैनकला : अनि के गर्ने विचार छ त आज ?

रामकली : म त घरआँगन सफा गर्छु । बारीमा केही बिरुवा रोप्नु छ । फूल पनि रोप्नु छ ।

नैनकला : आज चौतारामा प्रवचन हुन्छ रे । खै कहाँका वातावरणविद् आउने रे । सुन्न नजाने ?

रामकली : कति खेर हो ? नानीहरूलाई खाना दिएर भ्याइयो भने जाने नि ।

नैनकला : ल म पनि आउँछु अनि जाऔँ न त । हुन्न ? वातावरणका बारेमा नजाने त हामीलाई नै सङ्कट हुन्छ नि ।

रामकली : हुन्छ ।

## ३. माथिको संवाद पढेर उत्तर दिनुहोस् :

(क) नैनकला र रामकलीले के विषयमा कुरा गरे :

(ख) रामकलीले के के काम गर्ने विचार गरेकी छ ?

(ग) वातावरण दिवसमा तपाईँले के के गर्ने विचार गर्नुभएको छ ?

## ४. वाक्यमा प्रयोग गर्नुहोस् :

वनजङ्गल : ..................................................................

हिमाल : ..................................................................

घोगा : ..................................................................

शीतल : ..................................................................

अस्पताल : ..................................................................

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. शब्द बनाई लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| का | उ | ली | गा | ज | र |
| ग | मा | टो | ट | ला | वि |
| ती | म | हा | भा | र | त |
| क | हे | ला | त | मा | र |
| रे | श्व | न | दी | इ | का |
| ला | र | बि | रा | लो | री |

जस्तै : भाला

## २. तलका शब्दबाट अक्षर छुट्याई लेख्नुहोस् :

| | | |
|---|---|---|
| उदय | → | उ द य |
| वातावरण | → | |
| विद्यालय | → | |
| महिला | → | |
| वसन्त | → | |
| ऐना | → | |

## ३. शब्दको अन्तिम अक्षरबाट दशओटा नयाँ शब्द बनाउनुहोस् :

नैतिक → कमिला → ला ..................→..................

.................. → .................. → .................. → ..................

.................. → .................. → .................. → ..................

## ४. शुद्ध पारेर सार्नुहोस् :

बिनाश ........................ सिक्छ्यक ........................

बातावरन ........................ बनजंघल ........................

रुखबीरुवा ........................

## ५. तलको चित्र हेरी पाँच वाक्य लेख्नुहोस् :



## ६. तलका शब्द सुनेर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| वातावरण | रेडियो | विचार | बिरुवा | चौतारो |

## ७. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सफा ..........................................................................

फोहोर ..........................................................................

कम्मर ..........................................................................

दोषी ..........................................................................

मकैबारी ..........................................................................

सचेतना ..........................................................................

दिवस ..........................................................................

## ८. कापीमा सार्नुहोस् :

सरिताले म पनि जाने भनेपछि उनलाई पनि लिएर सबै जना १० बजेर १५ मिनेटमा अस्पताल पुगे । सरिता र उनकी सासुले थर्मस, एउटा गिलास, ब्ल्याङ्केट, सिरानी र केही फलफूल बोके ।

## ९. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मन किन रिसाएको छ ?

(ख) के केलाई सफा राख्नुपर्छ ?

(ग) किन वातावरण जोगाउनुपर्छ ?

(घ) हिमाल, तराई, पहाड कसरी चम्किन्छ ?

(ङ) रेडियोमा के समाचार बज्यो ?

## १०. बढाएर लेख्नुहोस् :

वातावरणका बारेमा नजाने त हामीलाई नै सङ्कट हुन्छ नि ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## क्रियाकलाप ५ : **शब्दभण्डार**

### १. तलका वर्णबाट उठेका चारचार शब्द लेख्नुहोस् :

क = ................. ...................... .................. ................

च = ................. ...................... .................. ................

ट = ................. ...................... .................. ................

त = ................. ...................... .................. ................

प = ................. ...................... .................. ................

### २. उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :

पानी, बाटो, धरती , वन, शिक्षक, पात

### ३. विपरीत अर्थ दिने शब्द लेख्नुहोस् :

दिन, सुख, जीवन, उकालो, अग्लो

### ४. तलको कोठाबाट वातावरणसँग सम्बन्धित शब्द लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| हा | वा | पा | नी | व | न |
| वा | यु | धु | मा | टो | दी |
| हु | म | लो | फो | हो | र |
| री | ण्ड | हि | ब | ता | स |
| रु | ल | उँ | आ | का | श |
| ख | हि | मा | ल | मै | ला |

## ५. तलका शब्दको अर्थ बुझेर वाक्यमा प्रयोग गर्नुहोस् :

करेसाबारी, पेटी, डोको, पिर्का, हँसिया, नाम्लो, गोठ, गुन्द्री, तन्ना, चुलो, टहटह, सलल

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

### १. गर्छे, गाउँछे, हँसाउँछे, रुवाउँछे र भगाउँछे शब्दको प्रयोग गरी पाँच वाक्यमा तपाईँकी साथीको वर्णन गर्नुहोस् ।

### २. तलका वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्नुहोस् :

(क) तिमी प्रथम भयौ र .....

(ख) आज के बार हो ......

(ग) सासु .....बुहारी र देवरानीले रत्यौली खेले .....

### ३. पढेर बुझ्नुहोस् :

गुरुमाले भन्नुभयो : म, हामी प्रथम पुरुष हुन् । तँ, तिमी, तपाईँ द्वितीय पुरुष हुन् । ऊ, त्यो, उनी तृतीय पुरुष हुन् । यसलाई प्रयोग गरेर एक एक वाक्य बनाइहाल्नुहोस् त । वाक्यलाई टुङ्ग्याउने पदचाहिँ क्रिया हुन् नि । सुत्छ, सुत्यो, सुत्ने छ आदि क्रिया हुन् । ल त एउटा एउटा क्रिया सोचेर त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् त । गुरुमाका कुरा सबैले माने ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. हाम्रो वातावरण शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

२. घरआँगन सफा राख्न तपाईँ के के गर्नुहुन्छ ? लेखेर सुनाउनुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

### १. पढेर सुनाउनुहोस् :

आज वातावरण दिवस हो । आज वातावरण सफा राख्नेबारेमा गाउँटोलमा सचेतना कार्यक्रम गर्न सरकारले अनुरोध गरेको छ । वातावरण दिवस मनाउने दिन घरआँगन सफा गर्नुपर्छ । बिरुवा रोप्नुपर्छ । वनजङ्गल विनाश भएमा रोगव्याधि बढ्छ । पानी पर्न थाल्छ । खडेरी बढ्छ । मानिसलाई बाँच्न गारो हुन्छ । त्यसैले वातावरण जोगाउनुपर्छ ।

### २ . तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

रमाई : ...........................................................................

राख : ...........................................................................

फोहोर : ...........................................................................

सभ्य : ...........................................................................

वातावरण : ...........................................................................

पहाड : ..............................................................

## ३. अक्षरमा शब्द जोडेर नयाँ शब्द बनाउनुहोस् :

उप + कार = ..............................................

उप + हार = ..............................................

उप + चार = ..............................................

उप + देश = ..............................................

उप + वन = ..............................................

## ४. तलका शब्दको अर्थ लेख्नुहोस् :

सभ्य = ....................................................................

विनाश = ....................................................................

ससुरा = ....................................................................

सिरानी = ....................................................................

प्रवचन = ....................................................................

सङ्कट = ....................................................................

## ५. पाठ पढेर उत्तर दिनुहोस् :

(क) रोग केले निम्त्याउँछ ?

(ख)　सरकारले के अनुरोध गऱ्यो ?

(ग)　सरिताको माइती कहाँ थियो ?

(घ)　प्रवचन कहाँ हुँदै छ ?

(ङ)　पुरुष भनेको के हो ?

६. तलको चित्र हेरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :




एकाइ ६

# मेरो सिर्जना

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### वरदान



एक जना व्यक्तिलाई भगवान् भेट्न मन लागेछ । उसले तपस्या गरेछ । धेरै तपस्या गरेपछि भगवान् खुसी भएछन् र भनेछन्, "तिमी के माग्छौ ? म दिन्छु ।" यो सुन्नासाथ त्यस व्यक्तिले भनेछ, "मलाई मेरा छिमेकीभन्दा धनी हुने वरदान दिनुहोस् । म उनीहरूभन्दा राम्रो हुन चाहन्छु ।" भगवान्लाई उसको नियत ठिक लागेनछ तर पनि वर त दिनै दिनुपर्‍यो । उनले वर दिँदै भनेछन्, यो घन्टी लिएर जाऊ तर यो नबजाउनू । यो बजाएर तिमीले जे माग्छौ, पूरा हुन्छ तर घन्टी बज्दा सोचेका कुरा चाहिँ तिमीलाई भन्दा छिमेकीलाई

दोब्बर प्राप्त हुने छ । ऊ घन्टी लिएर घर गयो तर उसलाई घन्टी बज्ला भन्ने पिर पऱ्यो । ऊ घन्टी बाकसमा लुकाएर पैसा कमाउन विदेश हिँड्यो । एक दिन उसकी पत्नी बाकस सफा गर्दै फतफताउन थाली, "कति काम गर्ने ? घरमा कामदार भए त हुने नि ?" त्यही बेला आफैँ घन्टी बज्यो । आफ्ना घरमा नोकरचाकर आए । यसो छिमेकीका घरमा हेरेको त त्यसको दोब्बर मानिस पो आएछन् । ऊ छक्क परी । यसको दुई दिनमा उसको लोग्ने आइपुग्यो । सबै कुरा बुझेपछि उसले छिमेकीलाई दुःख दिने विचार गऱ्यो । उसले घन्टी बजाउँदै भन्यो, "मेरो एउटा हात भाँचियोस् । एउटा आँखा पनि फुटोस् ।" उसले यसो बाहिर हेऱ्यो, सबै छिमेकीका दुइटै हात भाँचिए । दुइटै आँखा फुटे । आफूसँग एक एक भएकामा ऊ खुसी भयो । त्यसपछि फेरि घन्टी बजाएर भन्यो, मेरो घरका मूल ढोका अगाडि पचास फिट गहिरो इनार बनोस् । उसले छिमेकीका घरतिर हेऱ्यो, त्यहाँ त दुई दुईओटा इनार बनेछन् । छिमेकी के भयो भनी बाहिर निस्कँदा इनारमा डुबेर मरे । सबै छिमेकी मरेपछि ऊ एक्लो भयो । उसलाई धेरै पिर पऱ्यो । उसले घन्टी बजाउँदै भन्यो, "अब मलाई मृत्यु दिनुहोस् ।  यति बेला भगवान्ले भने, "हैन के भयो, वर त माग्दैनौ त ? चाहिँदैन वर ?"

चाहिँदैन भगवान्, मलाई केही चाहिँदैन । ऊ जुरुक्क उठेर हिँड्यो ।

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

१. तपाईँले देखेका दुईओटा हिमाल र दुईओटा नदीका नाम भन्नुहोस् र तिनका फाइदा पनि सुनाउनुहोस् ।

२. पढेर सुनाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| भगवान् | तपस्या | वरदान | घन्टी | बाकस |
| फतफताउन | हात | फिट | पऱ्यो | जुरुक्क |

३. तलको चित्र हेर्नुहोस् र के के देख्नुभयो, भन्नुहोस् :





## ४. तलको कविता पढेर आफूले बुझेका कुरा भन्नुहोस् :

आँखाभरि कचेरा हातमा खटिरा
कप्ल्याकुप्लुक खाँदै छ केरा कट्मिरा
कम्मरमा कछाड खाइलाग्दो छ
बाटा छेउमा बस्ने भाइ मायालाग्दो छ

गलबन्दी छ ओढ लौ पानी घुटुक्क
बिस्कुट चना दिन्छु म टोक कुटुक्क
कोइली जस्तै बोली छ बाबु ठाहिँलो
ठन्डी लाग्छ हिँड घर चाल पाइलो

## क्रियाकलाप २ : **श्रव्यदृश्य बोध**

### १. तलका सामग्रीबाट सिक्न सकिने दुई दुई कुरा लेख्नुहोस् :

| क्र.सं | सामग्री | सिक्न सकिने कुरा |
|---|---|---|
| १. | मोबाइल | |
| २. | सङ्केत चिह्न | |
| ३. | पुस्तक | |
| ४. | तालिका | |

## २. तलको चित्र हेरेर के के देख्नुभयो, लेख्नुहोस् :



प्रश्न

(क) यो केको चित्र होला ?

(ख) यहाँ के हुँदै छ ?

(ग) यसबाट के के फाइदा हुन्छ ?

## ३. तलको अंश सुनेर उत्तर दिनुहोस् :

मेरो घरमा एउटा बिरालो थियो । उसको नाम तानतुन थियो । एक पटक तानातुन बिरामी पऱ्यो । डाक्टर बोलाएर उसको उपचार गरियो तर ऊ कान नसुन्ने भयो । उसलाई घरका सबैले माया गर्थे । सुत्ने बेलामा चाहिँ ऊ आमासँग पुग्थ्यो । बाले मासु ल्याइदिने भएकाले खाने खाने बेलामा ऊ बाको याद गर्थ्यो । एक दिन तानतुन बाहिर निस्केछ । उसलाई छओटा कुकुरले खेदेछन् । कान नसुने का कारण ऊ भाग्न सकेनछ । कुकुरले पक्रेर उसलाई मारेछन् । त्यो देखेर हामी सबै रोयौँ । बाबाले खोलामा लगेर तानतुनेको अन्तिम संस्कार गरिदिनुभयो । आज पनि मलाई तानतुनको धेरै माया लाग्छ ।

### प्रश्न

(क) बिरालाको नाम के थियो ?

(ख) बिरालो बिरामी भएपछि के भयो ?

(ग) खाना खाँदा र सुत्दा तानतुन कोसँग हुन्थ्यो ?

(घ) तानतुन कसरी मऱ्यो ?

## ४. तलको भित्तेपात्रो हेरेर उत्तर दिनुहोस् :

फाल्गुण २०७८ | भित्ते पात्रो | Feb/Mar 2021

| आईतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | विहिबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| १ द्वादशी 13 | २ त्रयोदशी 14 | ३ चतुर्दशी 15 | श्रीस्वस्थानीव्रत समाप्ती ४ पूर्णिमा 16 | ५ प्रतिपदा 17 | ६ द्वितीया 18 | राष्ट्रिय प्रजातन्त्र दिवस ७ तृतीया 19 |
| ८ चतुर्थी 20 | ९ पञ्चमी 21 | १० षष्ठी 22 | ११ सप्तमी 23 | १२ अष्टमी 24 | १३ नवमी 25 | १४ दशमी 26 |
| १५ द्वादशी 27 | १६ त्रयोदशी 28 | महाशिवरात्री व्रत १७ चतुर्दशी 1 | १८ औँशी 2 | ग्याल्पो ल्होसार १९ प्रतिपदा 3 | २० द्वितीया 4 | २१ तृतीया 5 |
| २२ चतुर्थी 6 | २३ पञ्चमी 7 | नारी दिवस २४ षष्ठी 8 | २५ सप्तमी 9 | २६ अष्टमी 10 | २७ नवमी 11 | २८ नवमी 12 |
| २९ दशमी 13 | ३० एकादशी 14 | | पास्नी मूहूर्त २० र २१ गते घर सर्ने मूहूर्त ३, ८, ९, २० र २१ गते | व्रतबन्ध मूहूर्त २१, २९ र ३० गते | | |

### प्रश्न

(क) यो कति साल र कुन महिनाको भित्तेपात्रो हो ?

(ख) १ गते के बार छ ?

(ग) फागुन महिनामा कति दिन छन् ?

(घ) फागुन महिनामा कति दिन छन् ?

(ङ) मार्च ८ तारिखमा के दिवस पर्छ ?

## क्रियाकलाप ३ : पठनप्रवाह/पठनबोध

**१. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् :**

एक जना व्यक्तिलाई भगवान् भेट्न मन लागेछ । उनले तपस्या गरेछन् । धेरै तपस्या गरेपछि भगवान् खुसी भएछन् र भनेछन्, "तिमी के माग्छौ ? म दिन्छु ।" यो सुन्नासाथ त्यस व्यक्तिले भनेछ, "मलाई मेरा छिमेकीभन्दा धनी हुने वरदान दिनुहोस् । म उनीहरूभन्दा राम्रो हुन चाहन्छु ।"

**२. तलको चित्रमा मानिसहरू केही काम गर्दै छन् । उनीहरूले के गरेका होलान्, सोचेर पाँच वाक्यमा उत्तर लेख्नुहोस् :**



### ३. तलको अंश पढेर मुख्य कुरा बताउनुहोस् :

हामी मानिस हौँ । हामीले अरूलाई दु:ख दिनुहुँदैन । अरूको हत्या, हिंसा गर्नु हाम्रो कर्तव्य होइन । हामी सबै प्राणीलाई माया गर्न सक्छौँ । सबैलाई बचाउनु हाम्रो कर्तव्य हो ।

### ४. बिरालो र मुसाले कसरी गफ गरे होला ? नक्कल गर्नुहोस् :

बिरालो : ए मुसा, कता हिँडेको ?

मुसो : म त धान खान हिँडेको ।

बिरालो : खान्छस् धान । तँ रहे पो खान्छस् । तँलाई म खाइहाल्छु ।

मुसो : साँच्चै खान्छौ ? मलाई भेटे पो खान्छौ ? ल भेट त ?

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. वर्ण छुट्याएर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| बिरालो | बि | रा | लो | |
| तानतुन | | | | |
| डाक्टर | | | | |
| उपचार | | | | |
| कारण | | | | |
| संस्कार | | | | |

## २. सुरुका वर्ण हटाएर शब्द बनाउनुहोस् :

गोपुर ............., रमाइलो ............., पटक्क .............,

माकुरो ............., हेपाहा........, शिखर........,

फुलौरो ........

## ३. उपयुक्त शब्द राखी तलको कविता पूरा गर्नुहोस् :

बाटाभरि ....... छन् हिँड हेरेर

भित्ताभरि ...... छन् बोल सोचेर

हेर्नुपर्छ आफूलाई ....... चिन्नलाई

पैसा खर्च गर्नु छ ........ किन्नलाई

## ४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

बन्नु : ..........................................................................

पढ्नु : ..........................................................................

बस्नु : ..........................................................................

हिँड्नु : ..........................................................................

कुद्नु : ..........................................................................

खेल्नु : ..........................................................................

लेख्नु : ..........................................................................

भन्नु : ..........................................................................

थुन्नु : ..........................................................................

बुन्नु : ..........................................................................

## ५. साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

ठमनाथ ठेला लिएर ठगपुरतिर लाग्यो । उसले टिलिक्क टल्केको जुत्ता लगाएको थियो । ठट्यौलो ठमनाथ ठेलागाडीका छेउमा बसेर थाकल बेच्न थाल्यो ।

## ६. वरदान कथा पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

(क) भगवान्ले के भने ?

(ख) घन्टी किन नबजाउनू भनेको हो ?

(ग) पत्नी के भनेर फतफताई ?

(घ) छिमेकीका घरमा के के भयो ?

(ङ) मानिसले वरदान पाएकै हो ?

७. तल दिइएको निवेदन पढ्नुहोस् र बिरामी परेकाले विद्यालय आउन नसक्ने कुरा दर्साई आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् :

मिति २०८०/४/५

श्रीमान् प्रधानाध्यापक,
विद्यार्थी आधारभूत विद्यालय,
नुवाकोट ।

विषय : बिदा पाऊँ भन्नेबारे

हाम्रो घरमा दाजुको बिहे छ । बिहेमा हामी सबैले काम गर्नुपर्छ । मैले पनि काम सघाउनुपर्छ । यसैले म पाँच दिन सिकाइ केन्द्र आउन सक्दिनँ । यसर्थ मलाई पाँच दिनको बिदा दिनुहुन विनम्र अनुरोध छ ।

तपाईंकी छात्रा
सकला शर्मा

८. तपाईंका मामाका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

९. पत्रपत्रिकामा पढेको कुनै एक समाचार लेख्नुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार

१. उहाहरण हेरेर अन्तिममा आउने वर्णबाट शब्द बनाउनुहोस् :

टीका कालो लोभी

सालक .................. .................. ..................

कालिज .................. .................. ..................

२. अर्थ आउने शब्द बनाई लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| क | सा | र | मा | इ | लो |
| मि | ठो | मि | ठो | ट | ने |
| लो | क | दो | हो | री | पा |
| क | ठा | ल | त | ति | ल |
| त | क | खा | ग | थि | ग |
| न्त्र | इ | ला | म | ति | म |

जस्तै : नेपाल

३. जोडा मिलाउनुहोस् :

राम्रा किसान

मिहिनेती खानेकुरा

मिठो विद्यार्थी

आज्ञाकारी बाटो

सन्तोषी लुगा

## क्रियाकलाप ६ : **कार्यमूलक व्याकरण**

१. **कोष्ठकको मिल्दो शब्द राखी सङ्गति मिलाई वाक्य लेख्नुहोस् :**

(क) सीताले गीत ................। (गाउँछे, गाउँछस्, गाउनुहुन्छ )

(ख) बाढीले रुख .................। (बगायो, बग्यो, बगिन् )

(ग) दिदीले बहिनीलाई .............। (बोलाउनुभयो, बोलायो, बोल्यो)

(घ) उनीहरू कहाँ ................ ? (गए, गइन्, गयो)

२. **तलका खाली ठाउँमा मिल्ने शब्द भरी वाक्य पूरा गर्नुहोस् :**

(क) ............... लेख्दै हुनुहुन्छ ? ( तँ, तिमी, तपाईं)

(ख) ........... तरकारी काट्छ । (भाइ, बहिनी, दिदी)

(ग) .......... किन आएकी हँ ? (तँ, ऊ, म)

(घ) ........... ज्ञानी छौ । (तँ, तिमी, ऊ)


(ङ) ...... स्कुल जानुहुन्छ । (साथी, आमा, बहिनी)

३. **अन्यमा ‘छ’ भएका क्रिया प्रयोग गरी पाँच वाक्यमा फूलको वर्णन गर्नुहोस् ।**

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. तपाइँलाई मनपर्ने एक चित्र बनाउनुहोस् त्यसको शीर्षक दिनुहोस् ।

२. तपाइँका र साथीका निम्नलिखित सामग्री देखाइएको चार्ट हेरी त्यसको तुलना गर्नुहोस् :




## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

१. पढेर सुनाउनुहोस् :

ढलक्क टोपी
सलक्क ज्यान
टलक्क टिको
चटक्क शान
कट्मिरो केरा
स्वादिलो पान
घमन्ड गरे
खुस्कन्छ मान

## २. उस्तै उस्तै सुनिने शब्द लेख्नुहोस् :

(क) काँक्रो .............. ....................... .................

(ख) ङ्याउरो .............. ....................... .................

(ग) चेपारो .............. ....................... .................

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| लुगा | लिची |
| फल | फुटबल |
| खेल | दिउरे |
| भाँडो | फरिया |
| जीव | शिक्षक |
| चरो | छाप्रो |
| मानिस | च्याखुरो |
| घर | छेपारो |

## ४. खाली ठाउँमा मिल्ने शब्द राख्नुहोस् :

(क) तँ कहिले ...... ?

(ख) तिमी, राधा ...... सलिका बाहिर जाओ ।

(ग) म ........मा बस्छु ।

## ५. पाठ पढेर उत्तर दिनुहोस् :

(क) मानिसले किन छिमेकीका आँखा फुटाउने वर माग्यो ?

(ख) को माया लाग्दो छ ?

(ग) कसको बोली कोइलीको जस्तै छ ?

(घ) तानतुन किन मऱ्यो ?

## ६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ढलक्क : ...............................................................................

सलक्क : ...............................................................................

टलक्क : ...............................................................................


चटक्क : ...............................................................................

कट्मिरा : ...............................................................................

स्वादिला : ...............................................................................

घमन्ड : ...............................................................................

## ७. तलको चित्र हरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



एकाइ ७

# रुचि र बानी

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### धनमायाको तयारी



आज धनमाया सबेरै उठिन् । घाम झुल्केकै थिएन । उनले धारामा गएर नुहाइन् । घरमा आएर बिहानको बत्ती बालिन् । आमाबा उठ्नुभएकै थिएन । उनले चिया पकाइन् । आमाबालाई ओछ्यानमै चिया लगिदिइन् । बुबाले औषधी खानु थियो । त्यो पनि लगिदिइन् । उनले आमासँग भनिन्, आमा, आज मनमाया र म डुल्न जान्छौँ है । काम छ ।" आमाले हुन्छ भन्नुभयो । घाम झुल्कनासाथ मनमाया र धनमाया चिउरी वनतिर लागे । चरा चिरबिराइरहेका थिए । धनमायाले झोलाबाट कापी र कलम झिकिन् अनि कराउने चिबे, रूपी, ढुकुर आदि चराका नाम टिपिन् । उनले आफूले देखेका रुखका नाम पनि टिपिन् । बाटो तेर्सो थियो । उनलाई सिस्नाले

पोल्यो । एक ठाउँमा त जुकाले पनि खायो । अलिक पर सानो खोलो थियो । खोलामा फड्के थियो । त्यो तरेर उनीहरू पारि पुगे । बाटामा अम्बा पाकेको रहेछ । टिपेर खाए । एउटा कालिज भुर्र उडेर माथितिर गयो । आकाश खुलेकाले पारिका हिमाल पनि देखिए । गाउँलेहरू काम गर्दै थिए । अन्नबाली, फलफूल र तरकारी लगाइएको थियो । गाईबस्तु पनि कराउँदै थिए । मानिसहरू तरकारी र दुध बेच्न निस्किए । धनमाया र मनमाया एकछिन चौतारामा बसे । धनमायाले कापीमा केही कुरा टिपिन् ।

उनीहरूले नजिकैको धारामा पानी खाए र घर फर्के ।

"आज धेरै कुरा देखियो । यही कुरा लेखेर म यात्रा वर्णन प्रतियोगितामा भाग लिन्छु । पुरस्कार जित्नु छ यसपालि ।" घर पुग्ने बेलामा धनमायाले भनी । मलाई पनि जङ्गल डुल्ने रुचि थियो । आज तिमीसँग घुम्ने बहानामा पूरा भयो । दुवै मजाले हाँसे र आआफ्ना घरतिर लागे ।

### प्रश्न

(क) आमाबा उठ्नुअघि धनमायाले के के गरिन् ?

(ख) धनमायाले देखेका चरा र बिरुवाका नाम के के हुन् ?

(ग) मानिस के गर्न निस्किए ?

(घ) धनमाया र मनमायाको रुचि के के थियो ?

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

१. धनमाया र मनमायाको कथा सुन्नुहोस् र अरूलाई सुनाउनुहोस् ।

२. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

| | | | |
|---|---|---|---|
| झुल्केकै | उठ्नुभएकै | चिरबिराइरहेका | कराउँदै |
| प्रतियोगिता | बहाना | | |

३. लय मिलाई गाउनुहोस् :

बारीभरि घिरौँला लामा तिते करेला
चुच्चा चुच्चा बरेला झिम्के मेरा परेला
गोलभैँडा टिपौँ कि अकबरे टिपौँ कि
पिरो चट्नी बनाऊँ कि सिलौटामा पिसेर

आमा खाने घिरौँला बाबा खाने बरेला
मलाई मनै पर्दैन पिँडालुको मस्यौरा
गाजर मुला काटौँ कि सागकै डुकु भाँचौँ कि
पिरो सब्जी बनाऊँ कि आलु तामा मिसेर

## ४. अक्षर जोडेर शब्द बनाउनुहोस् :

घि रौं ला    प रे ला    पिँ डा लु    गा ज र

................    .............    ...............    ................

## ५. तलका शब्दको उच्चारण गर्नुहोस् :

| | | | |
|---|---|---|---|
| किला | गिला | निला | शिला |
| खरी | घरी | चरी | परी |
| कैलो | थैलो | दैलो | भैलो |
| केरा | घेरा | फेरा | बेरा |

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध

## १. सुन्नुहोस् र उत्तर दिनुहोस् :


गाउँलेहरू ! आज बाटो खन्ने दिन छ । कोदालो हुनेले कोदालो बोक्नुहोस् ।तपाईंलाई ढुङ्गा फुटाउने रहर भए झम्पल लिएर आउनुहोस् । खाजा खुवाउन रहर हुनेले खाजाको व्यवस्था गर्नुहोस् । कसैले पानी पनि लिएर आउनुहोस् । खोलाको छेउमा बाटो बिग्रेको छ । त्यहाँ धेरै मानिसले काम गर्नुपर्छ । श्रमदान गर्ने सबै आउनुहोस् ।

### प्रश्न


(क) तपाईंले यस सूचनामा के के सुन्नुभयो ?

(ख) गाउँमा मानिसले किन यस्तो काम गरेका होलान् ?

२. तलका चित्र हेरेर उत्तर दिनुहोस् :







प्रश्न

(क) सडकमा राखिएका रातो, हरियो र पहेँलो बत्तीले के के जनाउँछन् ?

(ख) जेब्रा क्रस किन राखिएको हो ?

(ग) हातमा तराजु बोकेको चित्रले के जनाउँछ ?

(घ) ओठमा औँला राखेको चित्र देखेपछि के गर्नु हुँदैन ?

३. तपाईँका दुई राम्रा बानी र दुई रुचि लेखेर साथीलाई सुनाउनुहोस् र साथीका बानी र रुचि पनि सोध्नुहोस् ।

## क्रियाकलाप ३ : **पठनप्रवाह/पठनबोध**

### १. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् :

गाउँलेहरू आज बाटो खन्ने दिन छ । कोदालो हुनेले कोदालो बोक्नुहोस् । तपाईँलाई ढुङ्गा फुटाउने रहर भए झम्पल लिएर आउनुहोस् । खाजा खुवाउन रहर हुनेले खाजाको व्यवस्था गर्नुहोस् । कसैले पानी पनि लिएर आउनुहोस् । खोलाको छेउमा बाटो बिग्रेको छ । त्यहाँ धेरै मानिसले काम गर्नुपर्छ । श्रमदान गर्ने सबै आउनुहोस् ।

(क) माथिको जस्तै सूचना तयार पार्नुहोस् ।

### २. तलका शब्द छिटो छिटो पढ्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| घिरौँला | करेला | गोलभेँडा | अकबरे | पिँडालु | मस्यौरा |



## ३. पढ्नुहोस् र अनुमान गर्नुहोस् :

हावाले पानीसँग भन्यो, "बुझिस् पानी, म थिइनँ भने संसारमा जीव हुँदैनथे । मानिस पनि हुँदैनथे । मानिस नभएपछि कसैले खेती गर्दैनथे । रुखबिरुवा पनि हुँदैनथे । अक्सिजन पनि हुँदैनथ्यो । चिसो हुँदैनथ्यो । तेरो त के मूल्य छ र यस संसारमा !" उसको कुरा पूरा नसुनी पानीले भन्यो, "म थिइनँ भने तँ नै हुँदैनथिस् । खुब फुर्ती लाउँदो रहेछ ।"

### प्रश्न

(क) हावा वा पानीमध्ये कसका कुरा ठिक हुन् ?

(ख) हावा जस्तै माटो नभएको भए के हुन्थ्यो ?

## ५. धनमायाको तयारी पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) आमाबा उठ्नुअघि धनमायाले के के गरिन् ?

(ख) धनमायाले देखेका चरा र बिरुवाका नाम के के हुन् ?

(ग) मानिस के गर्न निस्किए ?

(घ) धनमाया र मनमायाको रुचि के के थियो ?

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

### १. खाली ठाउँमा मिल्ने ध्वनि थपेर शब्द बनाउनुहोस् :

अप + मान = अपमान  मानव + ता = मानवता

......... + देश = देश  घर + ......... = घरेलु

......... + मार्ग = सुमार्ग  खेल् + ......... = खेलाडी

......... + चार = आचार  नेपाल + ......... = नेपाली

......... + कार = अधिकार  मूर्ख + ......... = मुर्ख्याइँ

......... + निधि = प्रतिनिधि  गाउँ + ......... = गाउँले

### २. यी चित्र केका हुन् ? लेख्नुहोस् :














## ३. तलको संवाद पूरा गर्नुहोस् :

गाई : ए बाघ, तिमीलाई के के खान मन लाग्छ ?

बाघ : मलाई ...................................... खान मन लाग्छ ।

गाई : धत्, तिमी त ............... पो रहेछौ । म त ............. हुँ ।

बाघ : अनि तिमी चाहिँ के खान्छौ नि ?

गाई : म त ................................. खान्छु ।

बाघ : त्यस्ता चिज खाएर पनि बाँचिन्छ त ?

गाई : .............................................।

## ४. जस्ताको तस्तै सार्नुहोस् :

बारीभरि घिरौँला लामा तिते करेला

चुच्चा चुच्चा बरेला झिम्के मेरा परेला

गोलभैँडा टिपौँ कि अकबरे टिपौँ कि

पिरो चट्नी बनाऊँ कि सिलौटामा पिसेर

## ५. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

एक जना मानिसका तीन जना छोरा थिए । ती मानिस समाजसेवी थिए । गाउँका सबैको झैझगडा मिलाउँथे । एकदिन ती समाजसेवी अचानक बिरामी परे । उनी निको नहुने भए । उनले मर्ने बेलामा

भने, “छोरा हो, अब म बाँच्दिनँ । म मरेपछि राम्ररी काजक्रिया गरिदिनू । बाँकी रहेको सम्पत्तिमध्ये आधा कान्छाले लिनू । त्यसको आधा माइलाले लिनू र बाँकी रहेको जेठाले लिनू ।” सबैले हुन्छ भने ।

बाबुको मृत्युपछि छोराहरूले राम्ररी काजक्रिया गरिदिए । काम सक्दा जम्मा सातओटा गाई मात्र बाँकी रहेछन् । अब उनीहरूलाई बाबुले भनेअनुसार सम्पत्ति बाँड्न गारो पर्‍यो । उनीहरूका बिचमा झगडा नै पर्‍यो ।

गाउँभरिका झगडा मिलाउने मानिसका छोराले गाई बाँड्न नसके पछि एक जना गोठालालाई चिन्ता पर्‍यो । उनी एउटा गाई लिएर उनीहरूका घरमा पुगे । उनले आफ्नो गाई पनि उनीहरूका गाईसँगै बाँधे । उनले भने,“ए कान्छा, लौ गनेर आधा गाई लैजाऊ ।” उसले चारओटा गाई लग्यो । लौ माइलाले यसको आधा लैजाऊ । उसले पनि दुइटा लग्यो । म मेरो गाई लिएर हिँडेँ । यो गाईचाहिँ जेठाको भो ।

सबै छोरा छक्क परे ।

## प्रश्न

(क) गाई कति थिए ?

(ख) बाले सम्पत्ति कसरी बाँड्नु भनेका थिए ?

(ग) किन झगडा पर्‍यो ?

(घ) गोठालाले गाई कसरी बाँडिदियो ?

(ङ) कान्छा, माइला र जेठाले कति कति गाई पाए ?

६. तपाईँको एक साथीको बानी वर्णन गरेर एक अनुच्छेद लेख्नुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार

१. तलका शब्द पढेर अर्थ बुझ्नुहोस् :

कालिका, रहर, नवीन, नयन, मलम

२. तलका शब्दको अर्थ बताउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :

फड्के चौतारा प्रतियोगिता पुरस्कार

बहाना मस्यौरा झम्पल

३. उदाहरण हेरेर दशओटा शब्द बनाउनुहोस् :

प्रतियोगिता → तामा → ............... → ............... → ...............

→ ............... → ............... → ............... → ...............

→ ............... → ............... → ...............

३. तलका अर्थ जनाउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

........... अग्लो पेटीमा मानिस बस्ने ठाउँ

........................ चुच्चे करेलो

........................ ज्याला नलिई वा कम ज्याला लिई गरिने काम

........................ फुइँफाइँ

........................ गाईवस्तु हेर्ने वा चराउने मानिस

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

१. माथिका पाठबाट , । ? चिह्न प्रयोग भएका एक एक वाक्य खोजेर लेख्नुहोस् ।

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) कछुवाले खरायोलाइ | बग्छ । |
| (ख) खोलामा पानी | उड्यो । |
| (ग) हिमाल सेतो | जित्यो |
| (घ) आगो बाल्दा धुवाँ | देखिन्छ । |
| (ङ) कालिज भुर्र | निस्कन्छ । |

## ३. खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| म | | ........................ | |
| हामी | | ........................ | |
| तँ | | ........................ | |
| तिमी | | ........................ | |
| तपाईं | कविता | ........................ | । |
| ऊ | | ........................ | |
| उनी | | ........................ | |
| उहाँ | | ........................ | |

## ४. शुद्ध पारेर सार्नुहोस् :

(क) सीता आयो । ..................................................

(ख) तिमी कहिले आइस् ? ..................................................

(ग) हिजो पानी पर्छ । ..................................................

(घ) हामी नाच्छ । ..................................................

(ङ) मानिसहरू आयो । ..................................................

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

### १. तलको तालिका भरी चार्ट पेपरमा लेख्नुहोस् :

| नाता | रुचि | बानी |
|---|---|---|
| बा | कथा पढ्ने | बिहान छिटो उठ्ने |
| आमा | | |
| म | | |
| साथी | | |
| छिमेकी | | |

### २. तलका बुँदाका आधारमा किसानको बानी शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :

बिहान चाँडै उठ्ने ...... गोरु लिएर खेतमा जाने ....... खेत खनजोत गर्ने ..... अन्न उब्जाउने .... सबैलाई अन्न र फलफूल दिने

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

### १. पढेर सुनाउनुहोस् :

उनले भने, "ए कान्छा, लौ गनेर आधा गाई लैजाऊ ।" उसले चाओटा गाई लग्यो । लौ माइलाले यसको आधा लैजाऊ । उसले पनि दुइटा लग्यो । म मेरो गाई लिएर हिँडेँ । यो गाईचाहिँ जेठाको भो ।

## २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

समाजसेवी : ........................................................................

काजक्रिया : ........................................................................

सम्पत्ति : ........................................................................

झगडा : ........................................................................

चिन्ता : ........................................................................

आधा : ........................................................................

## ३. शब्द बनाउनुहोस् :

| | |
|---|---|
| अप + मान = .................. | मानव + ता = .................. |
| अव + काश = .................. | जून + एली = .................. |
| कु + मार्ग = .................. | गफ + आडी = .................. |
| सम् + चार = .................. | दु:ख + ई = .................. |
| प्रति + कार = .................. | पद् + आइ = .................. |
| अनु + हार = .................. | शीर्ष + क = .................. |

## ४. शुद्ध पारेर सार्नुहोस् :

गाउँभरीका झगडा मिलाऊने मानिषका छोराले गाइ बाड्न नसके पछी एक जना गोटालालाई चिन्टा पर्यो ।

५. अनौठो बानी शीर्षकमा तीन वाक्य लेख्नुहोस् ।

६. पाठ पढेर उत्तर दिनुहोस् :

(क) म पात्रलाई के मन पर्दैन ?

(ख) म पात्रले केको तरकारी पकाउने विचार गरेको छ ?

(ग) श्रमदान भनेको के हो ?

(घ) हावा र पानीमध्ये कसको महत्त्व बढी छ ? किन ?

(ङ) गाई बाँड्न नसक्नुको कारण के थियो ?

७. तलको चित्र हेरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



एकाइ ८

# हाम्रो संस्कृति

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### संस्कृतिका धनी



दसैं आए दहीचिउरा छ टीका निधारैमा
तिजमा नारी रमझम गर्छन् देउसी तिहारैमा
इन्द्रजात्रा, गाईजात्रा लाखे नाच्दै आउने
गौरा आए देउडा गाउँदै हुड्को बजाउने

ठेकुवा खान मधेस जान्थें छठ आउँछ कैले
मस्जिदमा पुग्छु म त इद आउँछ जैले
सेन्टा बन्छु क्रिसमसमा ल्होसारमा बक्खु
च्याब्रुङ भिरी घाननाचमा नाच्दै म त रम्छु

चाड पर्व सम्पत्ति हुन् जोगाएर राख्छु
सेरगमसँग ढिकरी र ढकनी म साट्छु
बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी
लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

**१. संस्कृतिका धनी कविता सुनेर गाउनुहोस् ।**

**२. तलका शब्द उच्चारण गर्नुहोस् :**

रमझम इन्द्रजात्रा ठेकुवा मस्जिद क्रिसमस ल्होसार

**३. उत्तर भन्नुहोस् :**

(क) तपाईं कुन कुन चाड मनाउनुहुन्छ ?

(ख) चाडवाड आउँदा तपाईं के के गर्नुहुन्छ ?

(ग) चाडवाड किन मनाएको होला ?

(घ) हामीले अरूका चाडपर्वका बारेमा जान्नुपर्छ कि पर्दैन ? किन ?

**४. तलमा शब्द जोडी शब्द बनाएर भन्नुहोस् :**

दसैं + तिहार =............ रोपाईं + जात्रा =............

फागु + पर्व =............ साकेला + सिल्ली = ............

धान + जाच =............ जात्रा + पर्व =............

माघे + सङ्क्रान्ति =............ बकर + इद =............

कृष्ण + अष्टमी =............ भानु + जयन्ती =............

## ५. शब्द र अर्थ पढ्नुहोस् :

संस्कृति : चालचलन

तिज : हिन्दु महिलाले मनाउने चाड

इन्द्रजात्रा : भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौँमा गरिने रथयात्रा

गाईजात्रा : नेवार समुदायले मनाउने पर्व

गौरा : सुदूरपश्चिम क्षेत्रमा मनाइने पर्व

हुड्का : डमरुजस्तै एक बाजा

ठेकुवा : छठमा बनाइने प्रसाद

छठ : तराईमा मनाइने एक पर्व

मस्जिद : इस्ताम धर्मावलम्बीको पवित्र स्थल

इद : इस्लाम धर्मावलम्बीले मनाउने चाड

सेन्टा : इसाई समुदायको एक विशेष पात्र

क्रिसमस : इसाई धर्मावलम्बीले मनाउने चाड

ल्होसार :	शेर्पा, तामाङ र गुरुङ जातिले मनाउने विशेष पर्व

धाननाच :	लिम्बू जातिको सांस्कृतिक नाच

ढिकरी :	थारु जातिले खाने विशेष परिकार

बिस्का :	काठमाडौँमा वैशाख १ गते मनाइने विशेष जात्रा

माघी :	माघे सङ्क्रान्तिमा थारु जातिले मनाउने पर्व

रोदी :	गुरुङ जातिले गाउने सांस्कृतिक गीत

फागु :	तराईमा मनाइने पर्व

## ६. तलका शब्द पढेर एक एक वाक्य बनाउनुहोस् :

जनैपूर्णिमा : ..................................................................................

शिवरात्री : ..................................................................................

सामाचखेवा : ..................................................................................

घामछाया : ..................................................................................

पानीपँधेरो : ..................................................................................

चाडपर्व : ..................................................................................

## क्रियाकलाप २ : **श्रव्यदृश्य बोध**

१. तलका चित्रमा के के छन् ? भन्नुहोस् :



२. तपाईँको समुदायमा कुन कुन धर्म मान्ने मानिस छन् ? जान्नेलाई सोधेर भन्नुहोस् अनि लेख्नुहोस् ।

३. तलका शब्द सुनेर भन्नुहोस् र अर्थ बुझ्नुहोस् :

घाँसपात, भिरपाखा, लोकगीत, तनमन, दौरासुरुवाल, गुन्युचोलो, ढाकाटोपी, नातागोता

## क्रियाकलाप ३ : **पठनप्रवाह / पठनबोध**

### १. तलको समाचार सुन्नुहोस् र उत्तर भन्नुहोस् :

नमस्कार । हामी संस्कृति एफएमबाट बोल्दै छौँ । अब सुन्नुहोस् सांस्कृतिक समाचार ।

आज डिसेम्बर २५ हो । हिन्दुले तिज, इस्लामले इद र बौद्धले ल्होसार मनाएजस्तै आज इसाई समुदायले क्रिसमस बनाउँछन् । २४ डिसेम्बरको दिनलाई क्रिसमस इभ भनिन्छ । यस दिन इसाईहरू आफ्नो घरमा एउटा रुखलाई रङ्गीचङ्गी बत्ती, फूल र रङ्गीन कागजले सजाउँछन् । रुखमुनि विभिन्न उपहार राख्छन् । क्रिसमसमा यी उपहार साथीलाई दिन्छन् । उनीहरू क्रिसमस कार्ड बनाउँछन् र साथीलाई दिन्छन् । गिर्जाघरमा गई जिससको प्रार्थना गर्छन् । आफन्तकहाँ गएर शुभकामना आदानप्रदान गर्छन् । क्रिसमस गीत गाउँछन्, भोज खान्छन् र नाच्ने गाउने गर्छन् । यो खुसी साट्ने दिन हो ।

अस्तिको हप्ता हामीले उपत्यकाका राजा प्रताप मल्लले सुरु गरेको गाईजात्राका बारेमा सुनाएका थियौँ । गाईजात्रामा हास्यव्यङ्ग्य प्रस्तुत हुने कुरा पनि सुनाएका थियौँ । अब अर्को हप्ताको सांस्कृतिक समाचारमा यस्तै कुनै चाडपर्वका बारेमा समाचार लिएर आउने नै छौँ । आजलाई बिदा दिनुहोस् । नमस्कार ।

### प्रश्न

(क) क्रिसमस कसले मनाउँछन् ?

(ख) क्रिसमसमा के के गरिन्छ ?

(ग) यस अनुच्छेदमा कुन कुन चाडका बारेमा कुरा गरिएको छ ?

(घ) गाईजात्रामा के के गरिन्छ होला ?

### २. शब्दको अर्थ भन्नुहोस् :

समुदाय    उपहार    गिर्जाघर    आदानप्रदान    हास्यव्यङ्ग्य

### ३. लय मिलाएर पढ्नुहोस् :

चाड पर्व सम्पत्ति हुन् जोगाएर राख्छु

सेरगमसँग ढिकरी र ढकनी म साट्छु

बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी

लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

## क्रियाकलाप ४ : **लेख्यवर्ण सचेतीकरण/लेखाइ**

### १. शब्द जोडेर लेख्नुहोस् :

| साग पात | जन्म घर | बाच्छा बाछी | केरा घारी |
|---|---|---|---|
| ............... | ................. | .................. | .............. |

## २. जस्ताको तस्तै सार्नुहोस् :

अस्तिको हप्ता हामीले उपत्यकाका राजा प्रताप मल्लले सुरु गरेको गाईजात्राका बारेमा सुनाएका थियौँ । गाईजात्रामा हास्यव्यङ्ग्य प्रस्तुत हुने कुरा पनि सुनाएका थियौँ । अब अर्को हप्ताको सांस्कृतिक समाचारमा यस्तै कुनै चाडपर्वका बारेमा समाचार लिएर आउने नै छौँ । आजलाई बिदा दिनुहोस् । नमस्कार ।

## ३. पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) तिहार र गौरामा के के गरिन्छ ?

(ख) ठेकुवा, ढकनी, ढिकरी र सेरगम कस्ता खाना हुन् ?

(ग) संस्कृतिलाई किन धन भनिएको हो ?

(घ) गाईजात्रा कसले सुरु गरेका हुन् ?

## ६. बढाएर लेख्नुहोस् :

बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी

लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

## क्रियाकलाप ५ : **शब्दभण्डार**

### १. कोठाका अक्षरबाट चारचार अक्षरका शब्द बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| दा | ना | पा | नी | पु | री |
| ल | र | खा | ला | ल | ण |
| चि | या | बा | री | मा | म |
| नी | ता | री | ति | थि | ति |
| पी | या | च | मे | लि | या |
| भ | त | भ | ती | र | र |

जस्तै : मतियार ........................ .................... .................

............................. ........................ .................... .................

### २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ठेकुवा : ..............................................................................

ढकनी : ..............................................................................

ढिकरी : ..............................................................................

सेरगम : ..............................................................................

चुकाउनी : ..............................................................................

खुवा : ..............................................................................

पर्व : ..............................................................................

## क्रियाकलाप ६ : **कार्यमूलक व्याकरण**

### १. दुई शब्द जोडेर एक शब्द बनाउनुहोस् :

खेत + बारी = .............  मामा + घर = ...............

चुरा + धागो = .............  दाजु + भाइ = ................

दाल + रोटी = .............  दही + चिउरा = ..............

वन + भोज = .............  भाँडा + कुँडा = ...............

### २. तपाईँका काम लेख्नुहोस् :

| हिजो गरेका काम | आज गर्ने काम | भोलि गर्ने काम |
|---|---|---|
| मैले हिजो कपडा धोएँ । | म आज बजार जान्छु । | म भोलि काउली रोप्ने छु । |
| | | |
| | | |

### ३. मिल्ने क्रिया राखी खाली ठाउँ भर्नुहोस् :

(क) म आज त कतै ..................................................

(ख) म तिजमा छमछम ................................................

(ग) म पोहोर इलाम .................................................

(घ) गाईले घाँस .................................................

(ङ) तपाईं कति वर्षको .................................................

## ४. शब्द चिनेर छुट्याएर लेख्नुहोस् :

(क) मेरोनामसुनीताअधिकारीहो ।

(ख) मचियाबारीनगरपालिकावडानंआठमाबस्छु ।

(ग) मेरीएउटीददीरएउटादाइहुनुहुन्छ ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

## १. हाम्रा चाडपर्व शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

## २. चित्र हेरेर एक अनुच्छेद लेख्नुहोस् :



## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

### १. पढेर उत्तर दिनुहोस् :

ठेकुवा खान मधेस जान्थेँ छठ आउँछ कैले
मस्जिदमा पुग्छु म त इद आउँछ जैले
सेन्टा बन्छु क्रिसमसमा ल्होसारमा बक्खु
च्याब्रुङ भिरी धाननाचमा नाच्दै म त रम्छु

**प्रश्न**

(क) बक्खु कहिले लगाइन्छ ?

(ख) च्याब्रुङ कुन पर्वमा बजाइन्छ ?

### २. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ल्होसार : ...................................................................

धाननाच : ...................................................................

ढिकरी : ...................................................................

बिस्का : ...................................................................

माघी : ...................................................................

## ३. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

यस दिन इसाईहरू आफ्नो घरमा एउटा रुखलाई ........ बत्ती, फूल र रङ्गीन .......ले सजाउँछन् । रुखमुनि विभिन्न ...... राख्छन् । क्रिसमसमा यी उपहार ....... दिन्छन् । उनीहरू ....... बनाउँछन् र साथीलाई दिन्छन् । गिर्जाघरमा गई ........ प्रार्थना गर्छन् । आफन्तकहाँ गएर .......... आदानप्रदान गर्छन् । क्रिसमस ........ गाउँछन्, भोज खान्छन् र नाच्ने गाउने गर्छन् । यो खुसी ......... दिन हो ।

## ४. हामीले संस्कृति किन मनाउनुपर्छ ? पाँच वाक्य लेख्नुहोस् ।

## ५. बढाएर लेख्नुहोस् :

दसैँ आए दहीचिउरा छ टीका निधारैमा

तिजमा नारी रमझम गर्छन् देउसी तिहारैमा

एकाइ ९

# सञ्चार प्रविधि र बजार

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### फेरिएको समय



एक दिन हजुरबाले मसँग भन्नुभयो, "हामी साना हुँदा यहाँ स्कुल नै थिएनन् । अहिले जसरी कहाँ पढ्न पाइन्थ्यो र ? बिहीबार मलिम डाँडामा बजार लाग्थ्यो । स्कुल पढ्ने केटाकेटी, कर्मचारी, शिक्षक सब सामान किन्न त्यहीँ जान्थे । स्कुल नै लाग्दैनथ्यो । अहिले जस्तो फोन थिएन नि नातिनी । सदरमुकाममा आ.वा. आउँछ भन्थे । मैले त त्यो पनि देखिनँ । अहिले तिमीहरूका हातहातमा मोबाइल फोन छन् ।"

"अहिले जमाना नै प्रविधिको हो नि त हजुरबा ।" मैले भनेँ ।

"हो त । अहिले जतातत्तै विद्यालय छन् । बिरामी हुँदा उपचार गर्ने अस्पताल छन् । डाक्टर छन् । रेडियो छ । टिभी छ । मोबाइल

फोन छ । कति सजिलो भयो जमाना । हामी तीन दिन हिँडेर नुन किन्न जान्थ्यौँ । अहिले गाडीमा गुडेर घरमै आइपुग्छ । गाउँ गाउँमा पसल छन् । बजार जानै पर्दैन । खोलानाला, घामपानी, उकालोओरालो केही भन्नुपर्दैन । चाडवाड आयो मिठोमसिनो खान पाएकै छ ।"

"हो त है । हामीले चाहेका बेला सेलरोटी, खिरपुरी, घिउचाकु खान पाएकै छौँ । मेलापात जानु र खनजोत गर्नु पनि परेको छैन । डोकाडाला र राडीपाखी बेचेर दुखजिलो गर्ने मानिस अहिले मोटरसाइकल चढेर हिँड्ने भइसके ।"

हजुरबा र म गफ गर्दै थियौँ । ओभनमा खाना पाकेछ । पाकेको सङ्केत सुनेर म त्यतातिर लागेँ ।

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

१. **फेरिएको समयमा वर्णन गरेका कुन कुन कुरा तपाईँ बसेको ठाउँसँग मिल्छन्, भन्नुहोस् ।**

२. **पढेर सुनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी | सेलरोटी | खिरपुरी | घिउचाकु | डोकाडाला | राडीपाखी |
| दुखजिलो | मोटरसाइकल | | | | |

३. **तपाईँले जानेको गीत गाउनुहोस् वा कथा सुनाउनुहोस् ।**

४. **फेरिएको समय पाठबाट उदाहरणमा जस्तै दुई दुई शब्द जोडिएर बनेका शब्द भन्नुहोस् :**

सदर मुकाम = सदरमुकाम

५. तलका शब्दलाई छुट्याएर पढ्नुहोस् :

जस्तै : साथीभाइ = साथी भाइ

ऋषिमुनि, हाँसखेल, मायाप्रीति, बालबच्चा, मिठोमसिनो, घिउचाकु, सेलरोटी, खिरपुरी, राईलिम्बू, राडीपाखी, डोकोडालो, भिरपाखा, काँटाचम्चा, डाडुपनिउँ, दीनदु:खी, जोकोही

६. फेरिएको समय पाठ पढेर 'उ' र 'म' बाट उठेका शब्द भन्नुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध

१. तपाईँले रेडियो वा टेलिभिजनबाट प्रसारण हुने कुनै कार्यक्रम सुन्नुभएको होला ? त्यस कार्यक्रममा तपाईँलाई के के मन पर्छ, सुनाउनुहोस् ।

२. तलका चित्र हेरेर तिनको मौखिक वर्णन गर्नुहोस् :



### ३. सुन्नुहोस् र उत्तर दिनुहोस् :

भिरको बाटो हिँड्दा बाटाको बिच वा भित्तातिरबाट हिँड्नुपर्छ । सहरमा बाटाको छेउबाट हिँड्नुपर्छ । बाटो काट्दा जेब्राक्रसको प्रयोग गर्नुपर्छ । आकाशे पुल रहेछ भने त्यसबाट हिँड्नुपर्छ । गाडीको नजिक भएर पनि हिँड्नु हुँदैन ।

**प्रश्न**

(क) भिरको बाटो हिँड्दा के याद गर्नुपर्छ ?

(ख) सहरमा कसरी बाटो काट्नुपर्छ ?

(ग) किन कुदिरहेको गाडीको छेउबाट हिँड्नु हुँदैन ?

## क्रियाकलाप ३ : पठनप्रवाह/पठनबोध

### १. तलको अंश सकेसम्म छिटो पढ्नुहोस् :

नेपालमा पदयात्रा गर्ने धेरै ठाउँ छन् । तीर्थयात्रा गर्न पनि विदेश गइरहनुपर्दैन । बाटाघाटाको यात्रा कठिन भए पनि हवाईयात्रा त सजिलै छ । हामीले सबैलाई शुभयात्रा भन्न सिक्यौँ भने जीवनयात्रा पनि सहज नै हुन्छ ।

### २. तलको अंश पढेर मुख्य कुरा बताउनुहोस् :

एक जना जागिरे गनगनाउन थाले । यो जागिर मेरा लागि जेल भयो । सधैँ कार्यालय जानु छ । दिनहुँ त्यही काम गर्नु छ । यो जागिर नभएको भए म मेलापात गर्थें । खनजोत गरेर खान्थें । आफैँ

अन्न, फलफूल र तरकारी उब्जाउँथें । बजारमा लगेर बेच्थें । गाडी किन्थें, घर बनाउँथें । अस्पताल बनाइदिन्थें । समाजसेवा गर्थें । दीनदु:खीको सेवा गर्थें । मलाई कति आनन्द हुन्थ्यो ।

उनका खुट्टामा ठेस लाग्यो । ऐया भन्दै उनी भुइँमा थचक्क बसे ।

**प्रश्न**

(क) जागिरे किन गनगनाएका हुन् ?

(ख) जागिर नभएको भए यी मानिसले के गर्थे ?

(ग) ठेस लागेपछि के सम्झे होला ?

तपाईँलाई पनि कुनै कुरा मन नपरेको भए यसरी नै लेख्नुहोस् ।

**३. तपाईँलाई रेडियो वा टिभीमध्ये कुन मन पर्छ ? एक अनुच्छेदमा लेख्नुहोस् ।**

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

**१. तलका शब्द कापीमा सार्नुहोस् :**

श्रद्धाभक्ति गड्याङगुडुङ आकाशपाताल साँचोझुटो

जुवातास दीनदु:खी मायाप्रीति ऋषिमुनि

छोराबुहारी

## २. दिइएको शब्दमा अर्को एक शब्द थपेर नयाँ शब्द बनाउनुहोस् :

जस्तै : दाल भात = दालभात

अन्न .......... = ......................

घाँस .......... = ......................

भाँडा .......... = ......................

जुठो .......... = ......................

## ३. तल फ्रिजले आफ्ना कुरा भनेको छ । यो पढेर यसरी नै मोबाइलका बारेमा लेख्नुहोस् :

म फ्रिज हुँ । म मानिसका घरघरमा हुन्छु । होटलमा पनि हुन्छु । म खानेकुरा चिसो राख्छु । मलाई मानिसले माया गर्छन् । म बिजुलीबाट चल्छु ।

## ४. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| बजार | काम गर्ने सिप वा तरिका |
| सदरमुकाम | हाट, हटिया |
| प्रविधि | मुख्य कार्यालय रहेको ठाउँ |
| राडीपाखी | खाना बनाउने मेसिन |
| दुखजिलो | सामान्य ओड्ने ओछ्याउने |
| ओभनमा | मिहिनेत |

## ४. साथीले भनेको सुनेर लेख्नुहोस् :

मेरो गाउँको नजिकै बजार छ । बजारको वरिपरिका रुखमा बसेर चरा चिर्रचिर्र कराउँछन् । यहाँ लेकबेँसीबाट आउने मानिस साँझबिहान तलमाथि गरिरहन्छन् । खोलानाला, घामपानी, साह्रो गाह्रो। हावाहुरी, बिर्सेर उकालोओरालो गरिरहने मानिस पनि खुसी देखिन्छन् ।

## ५. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

प्रविधि : ..........................................................................

डेक्सबेन्च : ..........................................................................

कालोपाटी : ..........................................................................

पानीघट्ट : ..........................................................................

आविष्कार : ..........................................................................

## ६. फेरिएको समय पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

(क) बजार कहाँ लाग्थ्यो ?

(ख) आ.वा. भनेको के होला ?

(ग) अहिले के के सुविधा छ ?

(घ) अहिले के के गर्नुपर्दैन ?

(ङ) मानिसमा देखिएको खास परिवर्तन के हो ?

७. **तलको शुभकामना पढी तपाईँले मनाउने कुनै चाडको शुभकामना तयार गर्नुहोस् :**

## हार्दिक शुभकामना

श्री भूमिका शर्माज्यू
थाङसिङ, नुवाकोट

यस सिकाइ केन्द्रमा पच्चिसओटा कम्प्युटरसहितको पुस्तकालय तथा प्रयोगशाला बन्न लागेकामा हार्दिक शुभकामना व्यक्त गर्छु ।

अश्लेषा महत
समुद्रादेवी, नुवाकोट

## क्रियाकलाप ५ : शब्दभण्डार

१. **जोडा मिलाउनुहोस् :**

| 'क' | 'ख' |
|---|---|
| शिक्षक | बिरामी जाँच्ने |
| डाक्टर | दृश्य हेर्ने |
| रेडियो | गफ गर्ने |
| टिभी | पढाउने |
| मोबाइल | ओड्ने ओछ्याउने |
| राडीपाखी | मानिसले कुदाउने |
| मोटरसाइकल | समाचार सुन्ने |

## २. उस्तै अर्थ आउने शब्द लेख्नुहोस् :

घर : ...............................

रुख : ...............................

फूल : ...............................

बाटो : ...............................

मानिस : ...............................

## ३. खाली ठाउँमा मिल्दो शब्द भरेर नयाँ शब्द बनाउनुहोस् :

(क) कालो................ (पहेँलो/निलो) ..........................

(ख) ढुङ्गा ................ (पिठो/माटो) ..........................

(ग) वन ................ (जन्तु/जङ्गल) ..........................

(घ) लिटो ................ (मिठो/पिठो) ..........................

(ङ) दुध................ (भात, पानी) ..........................

## ४. तलका शब्दको अर्थ लेख्नुहोस् :

जागिर : ............................................................................

जेल : ............................................................................

कार्यालय : ............................................................................

मेलापात : ............................................................................

खनजोत : ..........................................................................

समाजसेवा : ..........................................................................

ठेस : ..........................................................................

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

१. एकवचन जनाउने र बहुवचन जनाउने शब्दलाई छुट्याई तालिकामा लेख्नुहोस् :

गाई, चराहरू, नदी, सुन्तला, टोपीहरू, केरा, पुस्तकहरू, मानिसहरू

| एउटा बुझाउने (एकवचन) | धेरै बुझाउने (बहुवचन) |
|---|---|
| | |

२. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

म : ..........................................................................

ऊ : ..........................................................................

तँ : ..........................................................................

तपाईँ : ..........................................................................

हामी : ..........................................................................

उनी : ..........................................................................

उहाँ : ..........................................................................

### ३. मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) म बारीमा काम गर्छु ........

(ख) तिम्रो भाइ कहिले आउँछ ........

(ग) आहा ........ कति राम्रो फूल ।

(घ) म........ तिमी र अशोकको टिम बनाऔँ ल ।

(ङ) उसले भन्यो, ....... तिमी भोलि घर नजाऊ ल । ........

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. तपाईँले कुनै विज्ञान मेला हेर्नुभएको छ ? छ भने त्यहाँ के के देख्नुभयो लेख्नुहोस् ।

२. रेडियो, टेलिभिजन, कम्प्युटर वा फ्रिजका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस्

### १. पढेर सुनाउनुहोस् :

टेलिफोन : तिमीले मलाई दाजु भन्नुपर्छ बुझ्यौ ।

मोबाइल : तिमीलाई किन दाजु भन्ने मैले ?

टेलिफोन : तिमीभन्दा म पहिले जन्मेको हुँ नि त ।

मोबाइल : पहिले जन्मेको भन्दैमा हात्तीले कमिलालाई दाजु भन्छ त ?

टेलिफोन : त्यसो होइन भाइ । आफूभन्दा ठुलालाई सधैँ सम्मान गर्नुपर्छ ।

मोबाइल : ल ल खरायोले भैँसीलाई सम्मान गरिरहोस् ।

## २. वाक्यमा प्रयोग गर्नुहोस् :

इन्टरनेट : ...........................................................................

इमेल : ...........................................................................

ल्यापटप : ...........................................................................

डेस्कटप : ...........................................................................

पेनड्राइभ : ...........................................................................

## ३. खाली ठाउँमा मिल्ने शब्द राख्नुहोस् :

(क) ............... कहाँ जान्छौ ?

(ख) म, ............... र उर्मिला जाने हो रे ।

(ग) ............... तह १ का सिकारु हौँ ।

(घ) ............... के सिकाउनुहुन्छ सर ?

(ङ) ............... राम्रो गाउँछ ।

## ४. पाठ पढेर उत्तर दिनुहोस् :

(क) बिरामी भए कहाँ जानुपर्छ ?

(ख) खाना केमा पकाइएको थियो ?

(ग) आकाशे पुल किन बनाइएको हो ?

(घ) जीवनयात्रा कसरी सहज हुन्छ ?

(ङ) जागिरेलाई के गर्दा आनन्द हुन्थ्यो ?

## ५. तलको अंश पढ्नुहोस् र हिजोका ठाउँमा आज राखेर फेरि लेख्नुहोस् :

हिजो शनिबार थियो । हिजो म बजार गएँ । बजार गएर मिठाई किनेर खाएँ । मैले फलफूल पनि किनेँ । मलाई चिडियाखाना घुम्न पनि मन लागेको थियो ।

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.................................................................................

६. तलको चित्र हेरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................


.....................................................................................................

एकाइ १०

# हाम्रा क्रियाकलाप

## १. सुन्नुहोस्, पढ्नुहोस् र सुनाउनुहोस् :

### हाम्रो समाज



हाम्रो समाजमा धेरै जातजातिको बसोबास छ । भिन्न जातजातिका भिन्न भिन्न संस्कार हुन्छन् । पोसाक, खानेकुरा, जीवनशैली आदिमा भिन्नता हुन्छ । यस्तो भिन्नताले मानिसलाई समाजका विभिन्न पक्षको जानकारी प्राप्त हुन्छ ।

समाजमा मानिसले विभिन्न पेसा अपनाएका हुन्छन् । हाम्रा छिमेकीले पनि विभिन्न पेसा अपनाएका छन् । अख्तर काका लुगा सिलाउनुहुन्छ ।


हर्क दाइ घर बनाउनुहुन्छ । श्याम दाइ कार्पेन्टर हो । नन्दा भाउजू नर्स हुनुहुन्छ । मेरी आमा शिक्षक हुनुहुन्छ । बा चाहिँ खेतमा काम गर्नुहुन्छ ।

हाम्रो समाजमा हिन्दु, बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिस बस्छन् । हिन्दुहरू दसैँ तिहार मनाउँछन् । बौद्धहरू बुद्धजयन्ती मिलाउँछन् । इस्लामहरू इद मनाउँछन् । इसाईहरू क्रिसमस मनाउँछन् । अरू धर्मावलम्बीले पनि आफ्ना संस्कार मनाउँछन् ।

## क्रियाकलाप १ : ध्वनि सचेतीकरण

१. हाम्रो समाज पाठ पढेर सुनाउनुहोस् ।

२. तलका शब्द उच्चारण गर्नुहोस् :



## ३. उत्तर भन्नुहोस् :

(क) तपाईँको समुदायका मानिस के के काम गर्छन् ?

(ख) मानिले किन विभिन्न क्रियाकलाप गरेका हुन् ?

(ग) मानिसका चाडवाड किन फरक फरक भएका होलान् ?

## ४. तलका शब्द जोडी शब्द बनाएर भन्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| बे + काम | = | ............ | लेख् + आइ | = | ............ |
| अर्थ + इक | = | ............ | कवि + ता | = | ............ |
| वन + एली | = | ............ | पर्वत + ए | = | ............ |
| परा + जित | = | ............ | कार्की + एनी | = | ............ |
| मल + इलो | = | ............ | धन + ई | = | ............ |

## ५. लय मिलाई गाउनुहोस् :

गोर्खाली हामी नेपाली झापाली हामी नेपाली

घरेलु सामान किन्दछौँ दयालु ज्ञानी बन्दछौँ

आआफ्नो संस्कार मानेर अरूका संस्कार जानेर

सामाजिक प्राणी बन्दछौँ सांस्कृतिक धर्म मान्दछौँ

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध

### १. सुनेर भन्नुहोस् :

सन्चोबिसन्चो　चियाखाजा　मानसम्मान

कापीकलम　कलासंस्कृति

### २. तलका चित्रमा मानिस के के गर्दै छन् ? भन्नुहोस् :









### ३. तपाईँको समुदायमा कुन कुन पेसा गर्ने मानिस छन् ? लेख्नुहोस् ।

४. पढ्नुहोस् र भन्नुहोस् :



आज मैले दिनभर कोदो रोपेँ । बेलुका खाना पनि बनाएँ । सबै जनाले सँगै खाना खायौँ । भाँडाकुँडा पनि मैले नै माझेँ । आज सबै काम मैले गरेको देखेर बाआमा छक्क पर्नुभयो । मैले आज किन सबै काम गरेँ थाहा छ ? आज मेरो अठारौँ जन्मदिन हो । अब मैले आफूले सक्ने सबै काम गर्नुपर्छ नि त ।

प्रश्न

(क) म पात्रले आज के के काम गरिन् ?

(ख) म पात्रले किन सबै काम गरेको हो ?

(ग) के सबैले आफूले सक्ने काम गर्नुपर्छ ? किन ?

४. तपाईँले पुराण, भाषण वा कुनै प्रवचन कार्यक्रम सुन्नुभएको होला । त्यस कार्यक्रममा मानिसले के के भने ? सुनाउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध

१. तलका शब्द पढ्नुहोस् र लेख्नुहोस् :

जातजाति   खानेकुरा   भिन्नता   भाउजू   बौद्ध

२. **शब्दको अर्थ भन्नुहोस् :**

गोर्खाली   दयालु   ज्ञानी   सांस्कृतिक

३. **लय मिलाएर पढ्नुहोस् :**

म त किसान बन्ने हो पाखो बारी खन्ने हो
गरा गरा तरकारी हराभरा पार्ने हो
अन्न फलफूल रोपेर आफ्नै श्रमले गोडेर
कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

४. **माथिको कविता पढेर साथीलाई सोध्न तीनओटा प्रश्न बनाउनुहोस् ।**

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

१. **शब्द जोडेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| कृषि प्रधान | शुभ कामना | स्वयम् सेवा | हाँस पोखरी |
| .............. | ................ | ................ | ............ |

२. **जस्ताको तस्तै सार्नुहोस् :**

म त किसान बन्ने हो पाखो बारी खन्ने हो
गरा गरा तरकारी हराभरा पार्ने हो
अन्न फलफूल रोपेर आफ्नै श्रमले गोडेर
कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

### ३. तपाईँले गरेका कामलाई क्रम मिलाएर लेख्नुहोस् :

(....) म चार बजे उठेँ ।

(....) साँझ बत्ती बालेँ ।

(....) हातमुख धोएँ ।

(....) स्वस्थानीको कथा भनेँ ।

(....) दश बजे मेला गएँ ।

(....) खाजा खाएँ ।

(....) खाना पकाएर खाएँ ।

(....) एघार बजे सुतेँ ।

### ४. पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) जातजाति बिच के के कुरामा भिन्नता हुन्छ ?

(ख) समाजमा कुन कुन धर्म मान्ने मानिस बस्छन् ?

(ग) कसरी सामाजिक प्राणी बन्न सकिन्छ ?

(घ) म पात्रले दिनभरि गरेका काम के के हुन् ?

(ङ) किसानले के के गर्ने विचार गरेको छ ?

## ५. बढाएर लेख्नुहोस् :

अन्न फलफूल रोपेर आफ्नै श्रमले गोडेर

कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

## क्रियाकलाप ५ : **शब्दभण्डार**

### १. कोठाका अक्षरबाट दशओटा शब्द बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| दा | ना | पा | नी | पु | म |
| रि | र | नी | कु | ल | न |
| म | द | पँ | खु | मा | का |
| नी | मु | धे | रा | त | म |
| म | नि | रो | मे | लि | ना |
| भ | र | त | ती | र | र |

.............................. .............................. ..............................

.............................. .............................. ..............................

.............................. .............................. ..............................

..............................

**२. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

किसान : ..........................................................................

पाखो : ..........................................................................

बारी : ..........................................................................

गरा : ..........................................................................

हराभरा : ..........................................................................

श्रम : ..........................................................................

समृद्धि : ..........................................................................

**३. भरतपुर शब्दबाट अघिपछि पारेर पाँचओटा शब्द बनाउनुहोस् :**

.......................... .......................... ..........................

.......................... ..........................

**४. आफैँले सोचेर 'क' बाट सुरु हुने पाँचओटा शब्द लेख्नुहोस् :**

.......................... .......................... ..........................

.......................... ..........................

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) गाईले घाँस | भई । |
| (ख) भाइ एक कक्षामा | माऱ्यो । |
| (ग) मालती नृत्यमा प्रथम | खान्छ । |
| (घ) बिरालाले मुसो | पढ्छ । |

### २. सोचेर तालिका भर्नुहोस् :

| आमाले हिजो गरेका काम | तपाईंले आज गरेका गर्ने काम | बाले चोलि गर्नुहुने छ |
|---|---|---|
| | | |

### २. तालिकाबाट प्रश्न बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| हामी | बाटो | खन्छौ | । |
| तिमीहरू | | खन्छौं | ? |
| उनीहरू | | खन्छस् | |
| तँ | | खन्छन् | |

### ३. शुद्ध पारेर लेख्नुहोस् :

भाडाकुडा पनी मैले नै माझ्हे । आज सवै काम मैले गरेको देखेर वाआमा छक्क पर्‍नुभयो । मैले आज कीन सवै काम गरेँ थहा छ ?

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

### १. तलको तालिकामा तपाइँका पाँच जना साथीले गर्ने काम लेख्नुहोस् :

| साथीको नाम | साथीले गर्ने क्रियाकलाप |
| --- | --- |
| | |

### २. तपाइँले यो महिना समाजमा गरेका पाँचओटा राम्रा काम लेख्नुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस्

### १. तलका शब्द शुद्धसँग पढ्नुहोस् :

शिक्षक बुद्धजयन्ती धर्मावलम्बी संस्कार छक्क अठारौँ

### २. सुनेर लेख्नुहोस् :

मेरा काका पुरेत हुनुहुन्छ । उहाँ गाउँमा कर्मकाण्ड गर्नुहुन्छ । पहिले पहिले कर्मकाण्डलाई नराम्रो पेसा मानिन्थ्यो । आजभोलि

यसलाई राम्रो पेसा मानिन्छ । कर्मकाण्डबाट पनि जीवनयापन गर्न सकिन्छ ।

३. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

आज मैले ........ कोदो रोपेँ । बेलुका .......... पनि बनाएँ । सबै जनाले सँगै ...... खायौँ । भाँडाकुँडा पनि .......... नै माझेँ । आज सबै ......... मैले गरेको देखेर .......... छक्क पर्नुभयो । मैले आज ....... सबै काम गरेँ थाहा छ ?

४. सामाजिक क्रियाकलाप भनेका कस्ता क्रियाकलाप हुन् ? यस सम्बन्धमा पाँच वाक्य लेख्नुहोस् ।

५. बढाएर लेख्नुहोस् :

मैले आफूले सक्ने सबै काम गर्नुपर्छ

६. तलको चित्रको पाँच वाक्यमा वर्णन गर्नुहोस् :

एकाइ ११

# हाम्रो वरपरको संसार

## १. लय मिलाई गाउनुहोस् :

### हाँस्तै बाँच्ने हो

आफ्नो संसार चिनेर, सहकार्य गरेर
सिप ज्ञान सिकेर सुशील बन्ने हो
आहार विहार सिकेर मनको मैलो फालेर
सज्जन मान्छे चिनेर दुर्गुण फाल्ने हो

सुविचार राखेर पढाइलेखाइ गरेर
पाइला चाल्दै लम्केर अघि बढ्ने हो
धनीगरिब चिन्ने हो आमाबालाई मान्ने हो
सिक्ने अनि सिकाउँदै खुसी छर्ने हो

हाम्रो संसार सानो छ सानै ठाउँमा बसेर
रातदिन खेतमा काम गर्ने हो
नेपालमा जन्मियो यही देशमा बसेर
आमाको नाम राख्ने हो हाँस्तै बाँच्ने हो

## क्रियाकलाप १ : **ध्वनि सचेतीकरण**

### १. नयाँ शब्द बनाउनुहोस् र पढेर सुनाउनुहोस् :

अभि + मान = ...................    अभि + यान = ...................

अनु + मान = ...................    अनु + भव = ...................

अनु + दान = ...................    लेख् + आइ = ...................

सुन् + एको = ...................    दि + एको = ...................

### २. तलका शब्दको उच्चारण गर्नुहोस् :

सहकार्य    ज्ञान    दुर्गुण    चाल्दै    छर्नै    जन्मियो

### ३. तलका शब्दलाई छुट्याएर लेख्नुहोस् :

सुशील = सु + शील    सामाजिक = समाज + इक

सुविचार = ....... +    पढाइ = ....... + .......

आहार = ....... + .......    फालेर = ....... + .......

दुर्गुण = ....... + .......    हाँस्तै = ....... + .......

सहकार्य = ....... + .......    सिक्ने = ....... + .......

सज्जन = ....... + .......    लम्केर = ....... + .......

## ४. पढेर सुनाउनुहोस् :

चाडवाड हाम्रा हुन् हामीले हो मनाउने
मिठोपिठो जस्तो जुट्छ खाने खुवाउने
नलाउनु है महँगा सुन चाँदीका गहना
नहुनेको रुन्छ मन कस्ले बुझाउने ?

नेपालका चाडवाड हाम्रा हुन् नि निसानी
बालुन ख्याली सँगिनी भैलो मारुनी
चाड मानौँ आफ्नै गाउँ घर आँगनी
पार्टी प्यालेस होटलमा किन धाउने नि ! (मीरा काफ्ले)

## क्रियाकलाप २ : श्रव्य/दृश्यबोध

१. तपाईंले रेडियोमा सुनेको वा टेलिभिजनमा हेरेको कुनै गीत, हँस्यौली वा ठट्टा सुनाउनुहोस् ।

२. तलको चित्र हेरी उक्त जनावरको वर्णन गर्नुहोस् :



## ३. तलका शब्द सुनेर उच्चारण गर्नुहोस् :

चाडवाड मिठोपिठो महँगा चाँदी

निसानी ख्याली प्यालेस

## ४. तलको अंश सुनेर उत्तर दिनुहोस् :

पोखरीमा एउटा भ्यागुतो बस्थ्यो । त्यो मानिस आउँदा पानीभित्र लुक्थ्यो । मानिस त्यसलाई हेर्न मटरका दाना, मकै आदिले हिकाउँथे । त्यो टपक्क टिपेर खाइदिन्थ्यो । मानिस हिँडेपछि त्यो बाहिर निस्कन्थे । बाहिर भिँगा उडिरहेका हुन्थे । त्यो ती भिँगालाई जिब्राले तान्दै खान्थ्यो । एक दिन त्यहाँ एउटा ठुलो सर्प आयो । त्यसले भ्यागुतालाई देख्यो । भ्यागुताले भिँगा खान लागेकै बेलामा त्यसले भ्यागुतालाई खायो ।

(क) मानिस आउँदा भ्यागुतो के गर्थ्यो ?

(ख) भ्यागुतो के के खान्थ्यो ?

(ग) सर्पले भ्यागुतालाई कुन बेला खायो ?

(घ) सर्प र भ्यागुताको सम्बन्ध कस्तो हुन्छ ?

## क्रियाकलाप ३ : **पठनप्रवाह/पठनबोध**

### १. तलको कथा पढेर उत्तर दिनुहोस् :

## वर्ल्डकप




अब सुन्नुहोस् वर्ल्डकपसम्बन्धी समाचार .....

“ए पख् पख् । कसले जितेछ आज । सुनौँ न ।” उमेरमा साठी नाघेको एक व्यक्तिले पसिना पुछ्दै भन्यो ।

“आज नेपालले जित्छ रे । त्यही भएर त सबैले वर्ल्डकप भनेर रातभरि हल्ला गरेका नि !” अर्को साथीले पहिलोको कुरा उडाइदियो ।

यो कुरा सुनेर केटाकेटी पनि गलल्ल हाँसे ।

“हामी पनि खेल्ने है वर्ल्डप अनि ब्राजिललाई जित्ने ।” बलवीर बोल्यो ।

“सुनको जुत्ता पनि तँलाई नै भो ।” वीर्खबहादुरले थप्यो । उनीहरू रमाउँदै कोही माटो मुछ्न लागे । कोही साँचोमा हिलो माटो हाल्दै इँटा बनाउन लागे ।

रेडियोमा समाचार सकियो र विज्ञापन बज्न थाल्यो, "आफ्ना सन्तानलाई आजै विद्यालयमा भर्ना गरौँ । छोरा र छोरीमा विभेद नगरौँ । पढ्न र खेल्न पाउनु बालबालिकाको अधिकार हो ।"

"सुन्यौ साथी हो । खेल्न पाउनु अधिकार हो रे । अब खेल्नुपर्छ बलकप ।" बलवीरले कुरा राख्यो ।

"यसले त पढ्न पाउनु पनि अधिकार हो भन्छ नि । खै पढ्न जान पाइएन ।" आसरूपाले निराशा पोखी ।

"बलकप खेल्न त पढ्नुपर्दैन होला नि ! तिमी पनि बल खेल्न सिक अनि हामी यहीँ बल कप खेलौँला ।" बलवीरले आसरूपालाई जिस्कायो ।

वर्ल्डकपको बारेमा अरूबाट सुनेर केही कुरा जानेका बालबालिका आफ्नै सुरमा रमाइरहेका थिए । न त उनीहरूले वर्ल्डकप खेलेको देखेका थिए न त उनीहरूका बाआमाले हेरेका थिए । विश्वभर विश्वकपको चर्चा भएका बेलामा उनीहरू लगभग बेखबर नै थिए ।

बेलुका आसरूपाकी आमाले लोग्नेसँग भनी, "हामी पनि एउटा टिभी किनौँ न । यसो कहिलेकाहीँ केके हेर्न पाइन्छ रे । हर्के दाइकी बुहारीले भनेको, उसले माइती जाँदा हेरेकी रे । कति राम्रा मान्छे देखाउँछ रे टिभीमा त । फुटबल पनि देखाउँछ भन्छन् ।"

"खै केले किन्ने ! ज्यालाले खान त पुग्दैन । पैसा भए त पहिले छोराछोरी पढाउन हुन्थ्यो । अरूले पढाएको देख्दा आफ्ना छोराछोरीलाई पनि पढाउन मन लाग्छ । यिनले पनि काममा

भरथेग गरेकै छन् ।"

"गरिबको जिन्दगी नै यस्तै !" आसरूपाकी आमाले खुइय्य गरी ।

"छोराछोरी सुते त ? के खाए तिनीहरूले ? साहुले बोलाएर पुराना जस्ता मिलाएर राख्न लायो । आफूलाई पनि आउन ढिला भयो । सानालाई खुवाउन दुध त थियो नि !" लोग्ने के के भन्दै थियो । स्वास्नी चाहिँ निदाइसकिछ । केटाकेटी अघि नै निदाइसकेका थिए ।

"गोल.....!" ओडिराखेको मैलो खास्टो फाल्दै आसरूपा चिच्याएर उठी । उसकी आमा पनि के भो भन्दै बिउँभी । आसरूपाले फुटबल खेलेको सपना देखेकी रहिछ ।

"के भो नानी ? जरो आयो कि क्या हो ।" आमाले छोरीको निधार मा हात राखेर काखतिर तान्दै थुमथुम्याई ।

"बिरेले कस्तो राम्ररी गोल हान्यो ।" आसरूपा अझै सपनामै थिई ।

"हैन केटाकेटीको मानसिकता नै बिग्रन्छ कि क्या हो ? पढ्ने बेलामा काम लगाएको छ । बिचराहरू गल्छन् । अनि अरूले सुनाएका विभिन्न कुरा सुनेर आफूलाई पनि रहर लाग्दो हो । केही दिन सकेको हैन ।" आसरूपाकी आमा मनमनै पिरोल्लिई ।

बिहान उज्यालो भयो । सबै आआफ्नो दैनिकीमा लागे । आसरूपाकी आमाले पनि खाना बनाई । सबैले खाना खाए ।

"आज म अलिक ढिलो आउँछु है । साहुलाई भनिदिनू । एउटा सानो काम छ । म बजार पुरेर आउँछु ।"

“ल ल । लोग्ने चाहिँ केटाकेटी लिएर हिँड्यो । ”आसरूपाकी आमा बजारतिर लागी ।

दिउँसो खाजा खाने बेलामा आसरूपाकी आमाले सबै केटाकेटीलाई बोलाई । उसले सबैलाई भनी,“ आजदेखि तिमीहरूले यो भकुन्डो खेल्नु है । ”

उसले फरिया किन्न भनेर बचाएर राखेको पैसाले एउटा भकुन्डो किनेर ल्याएकी रहिछ ।

भकुन्डो देख्नासाथ बिर्खबहादुरले भन्यो,“अब हामी पनि बलकप खेल्ने ।” सबै केटाकेटी खुसीसाथ फुटबल खेल्न थाले ।

आसरूपाका आमाका आँखामा टिलपिल आँसु देखिए । बाबुचाहिँको अनुहारमा पनि परैबाट खुसी देखियो ।

## प्रश्न

(क) बलवीरले कसलाई जित्ने कुरा गऱ्यो ?

(ख) किन आसरूपाकी आमाले टिभी किनौँ भनेकी हो ?

(ग) आसरूपाले कस्तो सपना देखी ?

(घ) आसरूपाकी आमाले केटाकेटीलाई के ल्याइदिई ?

(ङ) आसरूपाका आमाबाबु किन खुसी भए ?

३. अभिनयका गाउँमा के के भयो ? टिपेर भन्नुहोस् :

वैशाख २ गते छिमेकी काका रुखबाट लड्नुभयो । उहाँलाई धेरै चोट लाग्यो होला । जेठ ३ गते पारी गाउँमा आगो लाग्यो । असार ५ गते नन्दलाल दाजुलाई सर्पले डस्यो । साउनमा बाढी आएर वरगाछी गाउँ डुबायो । हिजो आएको भुइँचालाले ङप्रसाद काकाको घरै भत्काइदियो । के भएको हँ आजभोलि ?

४. वर्ल्डकप कथा तपाईँलाई कस्तो लाग्यो ? मन परेका र मन नपरेका कुरा लेख्नुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ

१. तलका शब्द कापीमा सार्नुहोस् र पढेर सुनाउनुहोस् :

मिठोपिठो बालुन आँगनी टपक्क भ्यागुता वर्ल्डकप विज्ञापन निराशा विश्वकप ज्याला स्वास्नी खास्टो मानसिकता भकुन्डो टिलपिल

२. सु, प्र, आ, वि, उप मा शब्द जोडेर दुई दुई शब्द बनाउनुहोस् :

जस्तै : सु + मार्ग = सुमार्ग

३. सुनेर लेख्नुहोस् :

भकुन्डो देख्नासाथ बीर्खबहादुरले भन्यो,“अब हामी पनि बलकप खेल्ने । ” सबै केटाकेटी खुसीसाथ फुटबल खेल्न थाले । आसरूपाका

आमाका आँखामा टिलपिल आँसु देखिए । बाबुचाहिँको अनुहारमा पनि परैबाट खुसी देखियो ।

### ४. यस हप्ता हाम्रो देशमा भएका दुई घटना लेख्नुहोस् ।

### ५. शुद्ध पारेर लेख्नुहोस् :

“हैन केटाकेटीको मानषिकता नै विग्रन्छ कि क्या हो ? पढने बेलामा काम लगाएको छ । बीचराहरू गल्छन् । अनि अरूले सुनाएका बिभिन्न कुरा सुनेर आफूलाइ पनि रहर लाग्दो हो । केहि दिन सकेको हैन ।” आसरूपाकी आमा मनमनै पिरोल्लिइ ।

### ६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विज्ञापन : ......................................................................

विभेद : ......................................................................

अधिकार : ......................................................................

निराशा : ......................................................................

माइती : ......................................................................

भरथेग : ......................................................................

निधार : ......................................................................

मानसिकता : ......................................................................

दैनिकी : ......................................................................

७. पाठ पढेर उत्तर लेख्नुहोस् :

(क) कसरी सुशील बन्न सकिन्छ ?

(ख) खुसी कसरी छर्न सकिन्छ ?

(ग) मानिसले कसरी बाँच्नुपर्छ ?

(घ) चाड कसरी मान्नुपर्छ

(ङ) रडियोमा के विज्ञापन बजेको थियो ?

८. तपाईँले पढेको कुनै पुस्तकबाट एक अनुच्छेद सार्नुहोस् ।

९. तपाईँको छिमेकीको वर्णन गरेर एक अनुच्छेद लेख्नुहोस् ।

## क्रियाकलाप ५ : **शब्दभण्डार**

१. दुई दुई शब्द लेख्नुहोस् :

(क) खेतमा प्रयोग हुने शब्द : ..................... .......................

(ख) भान्सामा प्रयोग हुने शब्द : ..................... .......................

(ग) बजारमा प्रयोग हुने शब्द : ..................... .......................

२. तलका शब्दको अर्थ पढ्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सहकार्य : मिलेर गर्ने काम

वाक्य : ..........................................................................................

सुशील : असल स्वभावको

वाक्य : ....................................................................

विहार : घुम्नु

वाक्य : ....................................................................

दुर्गुण : नराम्रा गुण

वाक्य : ....................................................................

सुविचार : राम्रो विचार

वाक्य : ....................................................................

मारुनी : महिलाको भेषमा नाच्ने र गाउने व्यक्ति

वाक्य : ....................................................................

विज्ञापन : जनाउ दिने काम

वाक्य : ....................................................................

माइती : विवाहिता महिलाको बाबुआमाको घर

वाक्य : ....................................................................

## ३. तलको कोठामा जनावरका नाम खोजेर भन्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| बि | रा | लो | ख | रा | यो |
| गा | ई | थ | चि | तु | वा |
| ग | धा | र्के | त्त | स्या | ल |
| ख | च्च | ड | ल | भा | फ्या |
| घो | र | ल | राँ | लु | उ |
| डा | हा | त्ती | गो | रु | रो |

## क्रियाकलाप ६ : **कार्यमूलक व्याकरण**

### १. वाक्यलाई मिलाएर सार्नुहोस् :

(क) स्मिता मेला गयो । ..................................

(ख) उनले स्वस्थानी पढी । ...........................

(ग) तपाईँहरू कहिले मुस्ताङ जान्छ ? ...........................

(घ) भाउजूले बोलायो । .............................

(ङ) हामी बेचिहाल्छु नि । ............................

### २. सही शब्दमा गोलो घेरा लगाउनुहोस् :

(क) कहिलेकाहीँ कहीलेकाहीँ कहिलेकाही

(ख) फूटबल फुटवल फुटबल

(ग) षाहु शाहु साहु

(घ) बिभिन्न विभिन्न विभीन्न

३. तलको खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

म मुसुक्क हाँसेँ । तँ ..........................।ऊ ....................।

म .................... तँ .................... ऊ भुइँमा बस्यो ।

म ओरालो ....................। तँ ....................ऊ ....................

.................... तँ कहाँ गइस् ? ....................

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास

१. एउटा छोटो कविता लेख्नुहोस् ।

२. तपाईंले जानेको एउटा कथा लेख्नुहोस् ।

३. तपाईंको मामाघरको वर्णन गर्नुहोस् ।

४. शिक्षाको महत्त्वबारेमा तपाईं र साथीले गरेको कुराकानी लेख्नुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् :

१. पढेर सुनाउनुहोस् :

"ए पख् पख् । कसले जितेछ आज । सुनौँ न ।"

"आज नेपालले जित्छ रे । त्यही भएर त सबैले वर्ल्डकप भनेर रातभरि हल्ला गरेका नि !"

"हामी पनि खेल्ने है बलकप अनि ब्राजिललाई जित्ने ।"

"सुनको जुत्ता पनि तँलाई नै भो ।"

## २. दिइएका शब्दलाई छुट्याएर लेख्नुहोस् :

| | | |
|---|---|---|
| वर्ल्डकप | ................ | ................ |
| रातभरि | ................ | ................ |
| केटाकेटी | ................ | ................ |
| बालबालिका | ................ | ................ |
| बाआमा | ................ | ................ |

## ३. वाक्यमा प्रयोग गर्नुहोस् :

वर्ल्डकप : ..................................................................

रातभरि : ..................................................................

केटाकेटी : ..................................................................

बालबालिका : ..................................................................

बाआमा : ..................................................................

## ४. माथिका पाठ पढेर उत्तर दिनुहोस् :

(क) हामीले कसलाई चिन्नुपर्छ ?

(ख) चाडवाड कसरी मनाउनुपर्छ ?

(ग) केटाकेटी हाँस्नुको कारण के थियो ?

(घ) आसरूपाकी आमाले भकुन्डो किन्ने पैसा कहाँबाट ल्याई ?

## ५. तलको चित्र हरी पाँच वाक्यमा त्यसको वर्णन गर्नुहोस् :



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर